ehetaudasandesh.com

२५औं वर्ष

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २८९ ॥ बिहीबार २६ चैत २०८२ ॥ सप्तमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Thursday 09 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-


## हेटौंडा कपडा पुनर्सञ्चालन माग



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुर क्षेत्र नम्बर-२ प्रतिनिधिसभा सदस्य प्रशान्त उप्रेतीले हेटौंडा कपडा उद्योग पुनर्सञ्चालनका लागि नेपाल सरकारको बाटो कुरिरहेको बताएका छन्। बुधबार प्रतिनिधिसभा बैठकमा आफ्ना कुरा राख्दै उनले बिगत धेरै वर्षदेखि बन्द रहेको कपडा उद्योग पुनर्सञ्चालनका निमित्त सरकारको बाटो कुरिरहेको बताएका हुन्।

केही समयअघि गृहमन्त्री सुधन गुरुङले नेपाल प्रहरीका पोशाक नेपालमै बनाउने भनेर घोषणा गरेको कुरा स्मरण गराउँदै उक्त कार्यका लागि हेटौंडा कपडा उद्योग पुनर्सञ्चालन आवश्यक रहेको उनले बताए। २०५७ सालदेखि पूर्णरुपमा बन्द रहेको हेटौंडा कपडा उद्योग पुनर्सञ्चालनका लागि नेपालि सरकारलाई आफ्नो कदम र आवश्यक कार्य अगाडि बढाउन उनको आग्रह छ।

गृहमन्त्री गुरुङले घोषणा गरेको प्रहरी पोशाक निर्माण कार्यको थालनी तथा सुरुवात हेटौंडा कपडा उद्योगबाट गर्न उनको अनुरोध छ।

*बागमती प्रदेश सभा*

## सभामुखमा सत्तारुढ र प्रतिपक्ष दलहरुको दाबी




सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशसभामा सभामुख चयन प्रक्रिया सुरु भएको छ। बागमती प्रदेशसभा सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनलगत्तै असोज १ गते सभामुखबाट राजीनामा दिएपछि सभामुख पद रिक्त छ। रिक्त सभामुखका लागि सत्तारुढ र प्रतिपक्ष दलहरुले दाबी गरेका छन्।

बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको संयुक्त बैठकमा सभामुख आआफ्नो दलले पाउनुपर्ने दाबी गरेका हुन्। प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए। 'नेकपा एमालेले पनि सभामुख हामीलाई चाहियो भनिरहेको छ। हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौं,' सचेतक महर्जनले भने-ठूलो दलको नाताले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हाम्रो अडान छ। तर, सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने कुरामा हामी एक ढिक्का छौं।

अर्को सत्तारुढ दल नेकपा एमालेले कांग्रेसको मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ। एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको बताए। सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले बताए। सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै नेता जम्कट्टेलले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेद्वारी दिने बताए। 'हामीले सत्तारुढ दललाई तपाईंहरु सरकार चलाउनुस्, सदनको नेतृत्व हामीलाई दिनुस् भनिरहेका छौं,' नेता जम्कट्टेलले भने-शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वभाविक हो। यसले एउटा राम्रो सन्देश जान्छ। सत्तारुढ दलबीच कुरा मिल्यो भन्ने ठीकै छ, नत्र हामी उम्मेद्वारी दिन्छौं। उता राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि सभामुखमा दाबी गरेको छ। राप्रपा संसदीय दलका नेता उद्धब थापाले आफ्ना पार्टीबाट सभामुख भएका पाठकले राजीनामा दिएकाले पुनः सभामुख आफ्नो दलले पाउनुपर्ने बताए। १ सय ४ सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेसको ३५, नेकपा एमालेका २५, नेपाली कम्युनिष्ट पार्टीको २६, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन्।

## बैशाखदेखि घरमै पासपोर्ट




सन्देश संवाददाता

हेटौंडा/सरकारले अघि सारेको १ सय बुँदे शासकीय सुधार कार्ययोजनाअनुसार मकवानपुरमा घर मै पासपोर्ट पुर्‍याउने सेवा बैशाख २ गतेबाट सुरु हुने भएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरको व्यवस्थापनमा हुलाक सेवामार्फत् उक्त सेवा सुरु गर्न लागिएको हो।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार उक्त सेवाअन्तर्गत् पहिलो चरणमा हेटौंडा क्षेत्रमा रहेका सेवाग्राहीलाई लक्षित गरी पासपोर्ट वितरण गरिनेछ। 'हामीसँग हाल ५ सय ६० वटा पासपोर्ट उपलब्ध रहेको भए पनि जिल्लाभर पुर्‍याउने विषयमा केही असहजता हुने देखिएकाले पहिलो चरणमा हेटौंडा क्षेत्रका सेवाग्राहीलाई सेवा दिने योजना छ,' उनले भने। सरकारको योजनाअनुसार पासपोर्ट, राष्ट्रिय परिचयत्र, सवारीचालक अनुमति पत्रलगायत सेवा सुचारु गर्ने योजना रहेको उनले बताए।

सरकारको योजनाअनुसार सेवाग्राहीलाई लाइन बस्नुपर्ने झन्झट हटाइ सहजरुपमा सेवा उपलब्ध गराउने उद्धेश्यले हुलाक सेवामार्फत् घरमै पासपोर्ट पुर्‍याउने व्यवस्था मिलाइएको उनले बताए। 'यस सेवामा नेपाल हुलाक सेवाले ढुवानीको जिम्मेवारी लिनेछ भने प्रशासनले लागतलगायत आवश्यक प्रक्रिया पूरा गरी पासपोर्ट सम्बन्धित व्यक्तिसम्म पुर्‍याउनेछ,' प्रजिअ अधिकारीले भने।

जिल्ला हुलाक कार्यालय मकवानपुर प्रमुख रमेश लामिछानेले एउटा पासपोर्टको तौल करिब ८० ग्राम हुने र वितरणका लागि प्रतिपासपोर्ट करिब ८० रुपियाँ खर्च लाग्ने अनुमान गरिएको बताए। सम्बन्धित व्यक्ति घरमा नभेटिए पासपोर्ट कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा स्पष्ट कार्यविधि तयार भइनसकेको हुँदा समस्या हुनसक्ने उनको भनाइ छ। यस्तो अवस्थामा पासपोर्ट पुनः हेटौंडामै फिर्ता ल्याएर वितरण गर्ने विकल्पबारे प्रमुख जिल्ला अधिकारीसँग छलफल भएको उनले जानकारी गराए।

जिल्ला हुलाक कार्यालयमा हाल ४६ कर्मचारी कार्यरत् रहे पनि सेवा विस्तारसँगै जनशक्ति पनि अभाव हुनसक्ने देखिएको छ। यसलाई ध्यानमा राख्दै प्रमुख जिल्ला अधिकारीले आवश्यक सहजीकरण गर्ने बताए। उनका अनुसार पहिलो चरणमा हेटौंडा क्षेत्रमै सेवा सुरु गरिनेछ र त्यसपछि क्रमशः अन्य स्थानीय तहमा क्रमश सेवा विस्तार गरिने योजना रहेको बताए।

*मकवानपुरका खोलामा निरन्तर चरम दोहन :*

# साबेलले उत्खनन् गर्ने मजदुरलाई जेल, मेसिन चलाउनेलाइ छुट

सन्देश संवाददाता

हेटौडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरले पछिल्लो दुई दिनको अवधिमा हेटौंडाको राप्ती खोला तथा विभिन्न खहरे खोलाहरूमा अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन् गरेको आरोपमा नौ जना मजदुर र केही ट्याक्टर चालकलाई पक्राउ गरेको छ। प्रहरीले उत्खनन् कार्यमा संलग्न ट्याक्टरहरू समेत नियन्त्रणमा लिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीका अनुसार विभिन्न स्थानमा अवैध उत्खनन् भइरहेको सूचनाका आधारमा कारबाही अघि बढाइएको हो। "अवैधरूपमा उत्खनन् गर्ने सबैलाई कानुनी दायरामा ल्याइन्छ। पक्राउ परेकामाथि मुद्दा चलाइनेछ, र छुटाउन दबाब दिने बिचौलियालाईसमेत कारबाही गरिनेछ," उनले भने।



तर, सामान्य मजदुरलाई गरिएको यस कारबाहीले स्थानीय स्तरमा प्रश्नसमेत उठाएको छ। स्थानीय तहको स्वीकृति लिएर सञ्चालन भइरहेका उत्खनन् स्थलहरूमा तोकिएको मापदण्ड उल्लंघन हुँदा पनि कारबाही नभएको गुनासो बढ्दो छ। मकवानपुरगढी, मनहरी, राक्सिराङ र बकैया गाउँपालिकाका विभिन्न खोलाहरूमा व्यापक उत्खनन् भइरहेको स्थानीय बताउँछन्।

मकवानपुरमा निरन्तररूपमा अवैधरूपमा सञ्चालनमा रहेका क्रसर उद्योगमाथि कुनै कारबाही भएको छैन। दैनिक मजदुरी गरेर परिवार पाल्दै आएका सामान्य मजदुरमाथि मात्र प्रहरीले कडाइ गरेको छ। स्थानीय तहको अनुमति लिएर पनि मापदण्ड विपरीत उत्खनन् गर्नेहरूमाथि कुनै कारबाही गरिएको छैन। खोलामा भइरहेको अवैध उत्खनन् नियन्त्रणमा दोहोरो व्यवहार भएको मजदुरहरूले आरोप लगाएका छन्।

हेटौंडास्थित राप्ती खोला तथा मकवानपुरगढीको सामरी खोलामा अत्याधिक उत्खनन्का कारण खोला नै धमिलो बनेको छ। राक्सिराङ र मनहरीका खोलाहरू त प्रायः सधैं धमिलो रहने अवस्था पुगेको स्थानीयको भनाइ छ। कतिपय स्थानमा नदीको प्राकृतिक स्वरूप नै बिग्रिएको देखिन्छ।

विशेषगरी, स्थानीय तहकै अनुमति लिएर एक्साभेटर प्रयोग गरी गरिएका उत्खनन् कार्यहरूमा मापदण्ड पूर्णरूपमा उल्लंघन भएको आरोप छ। तर, यस्ता ठूला गतिविधिमा संलग्न पक्षमाथि कारबाही नहुँदा दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्ने श्रमिकहरू मात्र निशानामा परेको भन्दै तिब्र आलोचना भइरहेको छ।

मकवानपुरका विभिन्न क्षेत्रमा अवैधरूपमा सञ्चालन भइरहेका क्रसर उद्योगहरू पनि निरन्तर सञ्चालनमा छन्। हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी, मनहरी, भीमफेदी र बकैया गाउँपालिकामा रहेका यस्ता उद्योगहरूमा अवैधरूपमा उत्खनन् गरिएका नदीजन्य पदार्थ पुग्ने गरेको छ। तर, यस्ता उद्योगमाथि प्रभावकारी अनुगमन र कारबाही नभएको स्थानीयको आरोप छ।

प्रहरी उपरीक्षक खत्रीले भने स्थानीय तहको स्वीकृतिमा कानुनी रूपमा सञ्चालन भएका उत्खनन् कार्यमा प्रहरीले हस्तक्षेप गर्न नमिल्ने स्पष्ट पारे। "वैधानिकरूपमा अनुमति प्राप्त उत्खनन् कार्यमा हामीले कारबाही गर्न सक्दैनौं," उनले भने।

यद्यपि, कानुनमा तोकिएको मापदण्ड विपरीत भइरहेको उत्खननको असर भने सर्वसाधारणले भोगिरहेका छन्। नदीको सतह घट्ने, पानी धमिलो हुने, वातावरणीय सन्तुलनहरु बिग्रने जस्ता समस्या दिनानुदिन बढ्ने क्रममै देखिन्छ।

यसरी, मकवानपुरमा अवैध उत्खननको नियन्त्रणमा प्रहरी सक्रिय देखिए पनि ठूला संरचना र प्रणालीगत समस्या समाधानतर्फ ठोस कदम नदेखिँदा समग्र प्रयासमाथि नै प्रश्न उठ्न थालेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरले दुइ दिनको बिचमा पक्राउ गरेका ३७ जनामध्ये केही मजदुरहरु रहेका छन्। प्रहरीले पक्राउ गरेर सार्वजनिक गरेको दुई वटा लिष्ट सार्वजनिक भएको छ।

# पूर्वाधार विकास कर छुटपछि राहत

सन्देश संवाददाता

काठमाडौं/नेपाल आयल निगमलाई सरकारले भन्सार महसुल र पूर्वाधार विकास कर छुट दिने निर्णय गरेपछि केही राहत पुगेको छ। मन्त्रिपरिषद् बैठकले पेट्रोल, डिजेल र मट्टीतेलको पैठारीमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत् छुट दिने निर्णय गरेको हो।

मध्यपूर्वमा चलिरहेको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चातेलको उच्च वृद्धिले निगमलाई ठुलो आर्थिक भार थपिँदा तेल खरिद गर्न नसक्ने अवस्थामा निगम पुगेपछि सरकारले विगत लामो समयदेखि लगाउँदै आएको पूर्वाधार विकास कर र भन्सार महसुलमा ५० प्रतिशत् छुट गरी राहत दिएको हो। सरकारले भन्सार महसुल र पूर्वाधार विकास करमा छुट दिँदा पाक्षिक एक अर्ब ५० करोड घाटा कम हुने निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए। हाल पाक्षिकरुपमा ११ अर्ब ७१ करोड घाटा व्यहोरिरहेको निगमलाई यस निर्णयले केही पनि राहत भएको उनले बताए। उनका अनुसार हालसम्म निगमले उपभोक्तालाई मध्यनजर गरी अन्तर ष्ट्रिय बजारमा जसरी तेलको मूल्य वद्धि भएको छ, त्यसअनुसार मूल्य नबढाइ खरिद मूल्यमा घाटा व्यहोरेर निगमको मूल्य स्थिरीकरण कोषको रकम चलाइरहेको थियो। 'हाल कोषको रकम पनि रित्तन थालेको छ,' साहले भने-कोषमा (अप्रिल ८ तारिखमा) भारतलाई ७ अर्ब पठाउनुपर्ने छ।

साहले अन्तर्राष्ट्रिय बजारमा उच्च मूल्य वृद्धिले निगमले तेल खरिदका लागि भारतलाई समयमा भुक्तानी दिन नसक्ने अवस्था भएकाले यस निर्णयले सामान्य राहत दिएको बताए। निगमले गत बिहीबार मध्यरात देखि लागु हुने गरी पेट्रोलतर्फ प्रतिलिटर १९९.५० देखि २०२ रुपियाँ र डिजेल प्रतिलिटर १७९.५० देखि १८२ रुपियाँ मूल्य निर्धारण गरेको छ। मूल्य समायोजनपश्चात् पनि निगमले हाल प्रतिलिटर पेट्रोलमा ३४.३६, डिजेलमा १२०.५४ र ग्यासमा प्रतिसिलिण्डर ४१६.३७ रुपियाँ घाटा व्यहोरिरहेको छ। निगमका अनुसार सरकारले हाल पेट्रोलमा प्रतिलिटर २५ रुपियाँ २३ पैसा, डिजेल र मट्टीतेलमा १२ रुपियाँ ३ पैसा, हवाईइन्धनमा २ रुपियाँ १३ पैसा र ग्यासमा प्रतिसिलिण्डर ९० रुपियाँ ८१ पैसा भन्सार शुल्क लिँदै आएको छ। पूर्वाधारमा भने पेट्रोल र डिजेलमा प्रतिलिटर १०/१० रुपियाँ लिँदै आएको छ।

मन्त्रिपरिषद्को निर्णयसँगै अब पेट्रोलतर्फको भन्सार महसुल १२ रुपियाँ ६१ पैसा, डिजेल र मट्टीतेलमा ६ रुपियाँ, हवाईइन्धनमा एक रुपियाँ ६ पैसा र ग्यासमा ४५ रुपियाँ ४० पैसा छुट हुनेछ। पेट्रोल र डिजेलमा पूर्वाधार करबापत् अब ५/५ रुपियाँ छुट हुनेछ। यस हिसाबमा अब पेट्रोलमा १७ रुपियाँ ६१ पैसा, डिजेलमा ११ रुपियाँ छुट हुनेछ। तर, तत्कालका लागि भने सरकारले दिने छुटले निगमले व्यहोरिरहेको घाटा कम हुनेछ। तत्काललाई भने उपभोक्ताले पेट्रोलियम पदार्थमा हालको मूल्यभन्दा कममा पाउने छैनन्। निगमका अनुसार न्यूनतम् खपत गर्दा पनि पछिल्लो १५ दिनको पेट्रोल ३४ हजार किलोलिटर, डिजेल ८३ हजार किलोलिटर, मट्टीतेल ८ सय ६५ किलोलिटर, आन्तरिक हवाईइन्धन दुई हजार ६ सय १५ किलोलिटर, वाह्य हवाईइन्धन ५ हजार ८ सय ९२ किलोलिटर र एलपी ग्यास १५ लाख २२ हजार ४ सय ४४ सिलिन्डर बिक्री रहेको छ।

*२ खर्ब कर असुली*

सरकारले विगत दशवर्षदेखि पूर्वाधार विकासको नाममा पेट्रोलियम पदार्थबाट कर उठाउँदै आएको छ। सरकारले बुढीगण्डकी आयोजना र पूर्वाधार विकास कर शीर्षकबाट आर्थिक वर्ष २०७२/०७३ देखि २०८२/०८३ को माघसम्ममा १ खर्ब ७२ अर्ब २१ करोड संकलन गरेको छ। तर, उक्त पैसा कहाँ/कसरी खर्च भइरहेको छ, त्यो निगमसँग जानकारी छैन। पेट्रोलियम पदार्थबाट उठाउने विभिन्न शीर्षकमा संकलन भएको राजस्व सबै अर्थ मन्त्रालयमा जाने गरेको नायब कार्यकारी निर्देशक साहले जानकारी दिए।

१ हजार २ सय मेगावाट् क्षमताको बुढीगण्डकी आयोजना निर्माण गर्ने भन्दै सरकारले भन्सार विन्दुमै पेट्रोलियम पदार्थमार्फत् कर उठाउन थालेको थियो। आर्थिक वर्ष २०७२/०७३ मा सरकारले बुढीगण्डकी जलविद्युत् आयोजना आफैं बनाउने घोषणा गरेपछि लगानी जुटाउन पेट्रोलियम पदार्थ आयात गर्दा प्रतिलिटर ५ रुपियाँ भन्सार कर उठाउन सुरु गरेको थियो। तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७२/०७३ को बजेटमा पूर्वाधार विकास कर लिने व्यवस्था मिलाएका थिए।

आर्थिक वर्ष २०७४/०७५ बाट शीर्षक परिवर्तन गरेर पूर्वाधार विकास कर भनिएको थियो। आर्थिक वर्ष २०७७/०७८ को १२ फागुनको मन्त्रिपरिषद् निर्णयबाट पेट्रोलियम पदार्थमा लिँदै आएको ५ बाट थप ५ बढाएर प्रतिलिटर १० रुपियाँ पुर्‍याइएको थियो। हालसम्म सरकारले पूर्वाधार विकास करको शीर्षकमार्फत् इन्धन आयातमा भन्सार विन्दुमै १० रुपियाँ शुल्क उठाउँदै आएको छ।

## अनलाइन प्रणाली ह्याकर पक्राउ

सन्देश संवाददाता

काठमाडौं/सरकारी सञ्चारप्रणालीमा अनाधिकृत पहुँच गरी विभिन्न परियोजनाको ठेक्काको विवरण हेरफेर गरेको आरोपमा ६ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूमा दिवाकर देउजा, भरत धामी, सञ्जय भट्ट, भाष्करराज अर्याल, हेटौंडाका सागर कटुवाल र जीवनकुमार दास रहेका छन्।

प्रहरी प्रधान कार्यालय, साइबर ब्युरो र केन्द्रीय अनुसन्धान ब्युरोको संयुक्त टोलीले उनीहरूलाई काठमाडौंका बिभिन्न स्थानबाट पक्राउ गरी संगठित अपराध निवारण ऐन २०७० अन्तर्गत अनुसन्धान गरिरहेको जनाएको छ।

## पहाडी तथा हिमाली भागका केही स्थानमा हल्का वर्षा

सन्देश संवाददाता

काठमाडौं/हाल देशमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायुको प्रभाव कायम छ। यसका कारण देशका विभिन्न भागको मौसममा आंशिकदेखि पूर्ण बदली हुने देखिएको छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका साथै बागमती र कोशी प्रदेशका हिमाली भागमा सामान्य बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा छ। देशका पहाडी तथा हिमाली भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्का वर्षा तथा हिमपात भइरहेको छ। बुधबार दिउँसो गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पूर्ण बदली रहने तथा अन्य भागमा आंशिक बदली रहने सम्भावना रहेको छ।

*महिलामैत्री पार्क बनाउँदै हेटौंडा उपमहानगरपालिका*

## एकै स्थानमा स्तनपान कक्षदेखि समावेशी संरचना

सन्देश संवाददाता

हेटौंडा/१० स्थानीय तहहरुमध्ये महिलाले नेतृत्व गरेको स्थानीय तह हो, हेटौंडा उपमहानगर पालिका। २०७९ को स्थानीय तह निर्वाचनमा हेटौंडा उपमहानगर पालिकाको नगरप्रमुखमा मीना कुमारी लामा विजयी भइन्। नेपाली कांग्रेस,तत्कालिन नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको साझा उम्मेदवार बनेकी लामाले एमालेका उम्मेदवार अनन्तप्रसाद पौडेललाई पराजित गरिन्।

२०७४ को स्थानीय तह निर्वाचनमा नेकपा एमालेबाट उपप्रमुख बनेकी लामा अघिल्लो निर्वाचनमा नगरप्रमुख बनेकी हुन्। तीनतहको सरकारसंग महिलाहरुले आफ्नो हक हित र अधिकारको लडाई लडिरहेका बेला हेटौंडा उपमहानगरपालिकामा भने नगरप्रमुख नै महिला भएका कारण महिलालाई पहिलो प्राथमिकतामा राखिँदै आएको छ। जसको बलियो उदाहरण बनेको छ महिलामैत्री पार्क।

हेटौंडा उपमहानगरपालिकाले महिलाहरुलाई प्राथकिमतामा राखेर महिलामैत्री पार्क निर्माण कार्यको थालनी गरेको छ। केही समयअघि वैदेशिक भ्रमणका क्रममा देखेको महिलामैत्री पार्क अब हेटौंडामै बनाउने लक्ष्यसहित नगरप्रमुख लामाले पहल थालेकी हुन्। उपमहानगरपालिकाको स्वामित्वमा रहेको ११ कठ्ठा जग्गामा पार्क निर्माण गर्न शिल्यानाससमेत भैसकेको छ। हेटौंडा-८ कमानेको पुरानो पार्कलाई अब व्यवस्थित, महिलाका लागि मनोरञ्जनात्मक र सुरक्षित पार्क निर्माण गरिन लागेको नगरप्रमुख लामा बताउंछिन्।



उनका अनुसार २०८३ असोजसम्ममा निर्माण सक्नेगरी पार्क निर्माणका लागि ३ करोड ५ लाख रुपैयांमा ठेक्का सम्झौता भएको छ। हेटौंडा उपमहानगरपालिकाको ३० प्रतिशत र संयुक्त राष्ट्रसंघीय परियोजना सेवा कार्यालय (युएनओपीएस) को ७० प्रतिशत लगानीमा पार्क निर्माण हुँदैछ। महिलामैत्री पार्कमा महिलाहरुका लागि विश्राम, मनोरञ्जन तथा सामुदायिक गतिविधि केन्द्रका रुपमा विकास हुने विश्वास लिइएको नगरप्रमुख लामा बताउंछिन्।

'महिलाको लागि उद्यम क्षेत्रमा धेरै सहयोग गरिँदै आइएको छ। हेटौंडाका महिलाहरुले उत्पादन गरेको समाग्रीहरु देश विदेशसम्म पुगिरहेको अवस्था छ, तर महिलाहरुले चाहिं संधै काम मात्रै गरेर बस्दा आफ्नो लागि समय छुट्याउन पाउंदैनन्, लामाले भनिन्, 'कुनैबेला फ्रेस हुन मन लाग्यो भने एकैछिन पार्कमा पुगेर हावा खाने, त्यहाँका संरचनाहरु अवलोकन गर्ने गर्न पाउँछन् भन्ने हो। पार्कमा बालबालिकाका लागि खेल्ने स्थान, अपांगता भएकाहरुको लागि अपांगमैत्री स्थल, महिलाको लागि स्तनपान कक्षदेखि फूटसल, खुल्ला जिमखानासमेत राखिनेछ।'

उनकाअनुसार यस्तो पार्क हेटौंडाको हुप्राचौरमा पनि निर्माण गर्ने प्रक्रिया अघि बढेको छ। यसबाहेक हेटौंडाकै अन्य केही वडाहरुमा समेत निर्माण गर्नका लागि तयारी भैरहेको बताइएको छ। उपमहानगरपालिकासंगको सहकार्यमा पार्क निर्माण सुरु गरेको युएनओपीएसकी सम्पदा थापामगरका अनुसार पार्क भन्ने बित्तिकै पुरुषकै संख्या बढी देखिने भएकोले पार्कको नाम नै महिलामैत्री राखिएको हो।

'महिला मैत्री पार्कमा पुरुष जान नपाउने भन्ने होइन, सबैका लागि सबै पूर्वाधार निर्माण गरिनेछ, थापामगरले भनिन्, 'पार्कमा विशेष गरी महिलालाई प्राथमिकतामा राखिने मात्रै हो। बालबालिकाको लागि छुट्टै स्पेस हुन्छ। बालबालिकालाई खेल्न छोडेर अविभावक पार्कको अवलोकनमा निस्कन सक्नुहुन्छ। पार्कमा सांस्कृतिक पहिचान झल्कने वस्तुहरु पनि राखिन्छ। यसको नाम महिलामैत्री भए पनि समावेशी पार्क भनेर बुझ्न सकिने गरी संरचनाहरु निर्माण गरिनेछ।'

पार्कमा बालबालिका, जेष्ठ नागरिक, अपांगता भएकादेखि यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको लागि समेत प्राथमिकतामा राखेर संरचनाहरु निर्माण गरिने बताइएको छ। पार्कमा स्तनपान कक्षसमेत निर्माण गर्नेगरी डीपीआर तयार भएर निर्माण कार्य अघि बढेको हो।

## 'स्वीस बैंकमा नेपालीको भ्रष्टाचार रकम भए फिर्ता ल्याउन पहल गरिदिनू'

सन्देश संवाददाता

काठमाडौं/नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङले स्वीस बैंकमा नेपालका उच्च पदस्थ व्यक्तिले भ्रष्टाचार गरेको रकम भए फिर्ता ल्याउन पहल गरिदिन नेपालका लागि स्वीस राजदूतलाई अनुरोध गरेका छन्।

बुधबार गृहमन्त्रालयमा भएको शिष्टाचार भेटमा मन्त्री गुरुङले राजदूत डेनियल मैवलीलाई यस्तो अनुरोध गरेका हुन्। उनले भ्रष्टाचारसँगै अन्य कसुरबाट अवैध रुपमा आर्जन गरेको रकम स्वीस बैंकमा जम्मा गरे/नगरेको विषयमा अनुसन्धानका लागि सहकार्य गर्न आग्रह गर्दै त्यस्ता रकम देखिएमा नेपाल सरकारको अनुरोधमा फिर्ता ल्याउने व्यवस्था गर्न उनले आग्रह गरेका हुन।

उक्त भेटमा राजदूत मैवलीले गृहमन्त्री गुरुङलाई बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गरिन्। उनले नेपाली जनभावको कदर गर्दै काम गर्न सुझावसमेत दिईन्।

भेटघाटको राजदूतले दुई देशको सरकारबीच आप्रवासन मामिलाहरूमा सहकार्य गर्ने विषय उठाएकी थिइन्। मन्त्री गुरुङले उक्त विषय हाल छलफलमा रहेको जानकारी गराए।

राजदूतले विपद् व्यवस्थापनको नेपालमा जलवायु परिवर्तन एवम् विपद जोखिम न्यूनीकरणका लागि पूर्व चेतावनी प्रणालीलाई थप सुदृढ बनाउन स्वीस सरकारले आवश्यक सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
बिहीबार २६ चैत २०८२
Thursday 09 April 2026


**उखान:** पढ्यो गुन्यो के काम, हलो जोत्यो खायो माम ॥

**॥॥ बेलाको बोली ॥॥**

महान कार्य गर्ने एउटै तरिका हो, तिमी जे गर्दैछौ प्रेमपूर्वक गर । यदि अहिलेसम्म त्यस्तो काम मिलेको छैन भने, खोज ।

*– स्टिभ जब्स*

## सम्पादकीय

# बढ्दो क्रममा डिजिटल हिंसा

*अहिले सामाजिक सञ्जालमार्फत् विशेषगरी राजनीतिक उद्देश्यका घृणा अभियान तीव्र भएको देखिन्छ । त्यसमा पनि महिलाविरूद्ध साइबर बुलिङ र डिजिटल हिंसाका घटना उल्लेख्यरुपमा बढेका छन् । यही सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)बाट निर्वाचित महिला सांसदहरु नेपाल प्रहरीको साइबर ब्युरोसम्म पुगेका हुनुपर्छ । एमाले समर्थक एक किशोरीविरूद्ध भएको डिजिटल यौनहिंसाको घटनामा हालै साइबर ब्युरोमा उजुरी बढेको छ । अनुहार लुकाएर वा कहिलेकाहीँ देखाएर पनि आफूसँग असहमत व्यक्ति र विचारविरूद्ध साइबर बुलिङ गर्ने दुष्प्रवृत्ति बढ्दै आएको छ । कुनै बेला तत्कालीन प्रधानमन्त्रीले नै आफ्ना कार्यकर्तालाई विरोधीमाथि 'अरिगाल' भएर जाइलाग्न निर्देशन दिएका थिए । तर साइबर बुलिङ र डिजिटल यौनहिंसाको अभिव्यक्ति यसअघि यति चर्को र दुष्टतापूर्ण देखिएको थिएन ।*

*हिजोआज महिला, किशोरी, पत्रकार, सामाजिक कार्यकर्ता तथा सार्वजनिक जीवनमा सक्रिय व्यक्तिलक्षित चरित्रहत्या, धम्की, निजी सामग्रीको दुरूपयोग र घृणात्मक अभिव्यक्ति सामान्यजस्तै बन्न पुगेका छन् । नेपालमा डिजिटल पहुँच विस्तारसँगै साइबर अपराधको स्वरुप पनि जटिल बन्दै गएको छ । पहिले व्यक्तिगत स्तरमा सीमित रहने गालीगलौज अहिले संगठित ट्रोलिङ, लैंगिक अपमान, निजी तस्बिरको दुरूपयोग, चरित्रहत्या र प्रत्यक्ष हिंसाका धम्कीसम्म पुगेको छ । अझ चिन्ताजनक पक्ष के हो भने यस्ता आक्रमणहरु प्रायः महिलाप्रति लक्षित हुने गरेका छन् । राजनीतिक मतभेद, सामाजिक सक्रियता वा सार्वजनिक अभिव्यक्तिका कारण महिलामाथि गरिने डिजिटल हिंसा लोकतान्त्रिक समाजकै लागि चुनौती बन्दैछ । यस्तो हिंसाको मानसिक सामना गर्न नसक्नेहरु घरभित्रै खुम्चिनुपर्ने वा चुप लाग्नुपर्ने अवस्था छ ।*

*डिजिटल युगमा अभिव्यक्ति स्वतन्त्रता सुरक्षित राख्दै साइबर हिंसालाई नियन्त्रण गर्नु राज्य, राजनीतिक दल, प्रविधि कम्पनी र समाज सबैको साझा जिम्मेवारी हो । अहिलेको चासोलाई स्थायी सुधार तर्फ रुपान्तरण गर्ने यही उपयुक्त समय हो । सरकारले झारा टार्ने होइन, नागरिकले सुरक्षित महसुस गर्नेगरी प्रभावकारी हस्तक्षेप गर्नु अब अपरिहार्य छ । एमालेका महिला सांसदहरुले मात्र होइन, नागरिकको स्वतन्त्रता र अस्मितामा चासो राख्ने सबै पक्षले साइबर बुलिङ र डिजिटल हिंसाविरूद्ध निरन्तर आवाज उठाइरहनुपर्छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | |
|---|---|
| **मेष** मिहिनेतले राम्रो परिणाम दिलाउनेछ तारिफयोग्य काम गर्दै मनग्य धन साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । | **बृष** टाढाका साथीहरूसँगको भेटघाटले खुसियाली छाउनेछ। कर्जामार्फत धन जुट्नेछ । साँझतिर पारिवारिक भेटघाटले खुसियाली छाउनेछ । |
| **मिथुन** मेहनत गर्दा भाग्योन्नतिको समय छ । सामुदायिक तथा सेवामूलक कामले दिलाउन सक्छ सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ । | **कर्कट** उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । स्वास्थ्य कमजोर रहे पनि कामको चाप बढ्नेछ । परिबन्धले केही समस्या निम्त्याउन सक्छ । |
| **सिंह** मन मिल्ने साथीभाइ भेटिए पनि वादविवादले सम्बन्ध कमजोर बनाउन सक्छ । तापनि, कामको सहयोग र उपहार हातलागी हुनेछन् । | **कन्या** हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ । अनावश्यक साइनो हनुहोला । आफ्नो कमजोरी बाहिरि–नाले आलोचकहरू बढ्न सक्छन् । |
| **तुला** परिस्थितिवश नियमित काम अधुरो रहला । बेसुरमा थालेको काम बिग्रन सक्छ । नतिजा कमजोर देखिनाले काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला | **बृश्चिक** पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला आउनेछ र सहयोगीहरू भेटिनेछन् । |
| **धनु** बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ क्षमताको तारिफ हुनेछ । | **मकर** व्यापार र पेसामा राम्रै फाइदा हुनेछ रमाइलो यात्रा हुनुका साथै स्वादिष्ट खानपानको प्राप्त हुनेछ। आफन्तजन सँग रमाइलो भेटघाट हुनेछ । |
| **कुम्भ** प्रेम र मित्रताको बन्धन कसिने समय छ । परिवारजनको साथले उत्साह जगाउनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । | **मिन** छोटो समयमा विशेष उपलब्धि प्राप्त हुनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा पनि विजयी भइनेछ |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# आर्थिक अधिकार



✍ डा. अर्जुनकुमार खड्का




विधायिका राज्यका प्रमुख अंगमध्ये एक हो, जसले कानुन बनाउने कार्य गर्छ । विधायिकालाई विधायिकी सभा पनि भनिन्छ, जसको नामबाट नै त्यसको कार्य कानुन बनाउने निकायकोरूपमा चिनिन्छ । जनतामा अन्तरनिहित सार्वभौमसत्तालाई प्रतिविम्बित गर्ने र प्रत्यक्ष वा अप्रत्यक्षरूपमा त्यसको अभ्यास गर्ने हुनाले राज्यका तीन प्रमुख अंगमध्ये व्यवस्थापिकालाई सर्वाधिक महत्वपूर्ण अंगकोरूपमा लिइन्छ । यही कारण लोकतन्त्रका हिमायती शक्तिशाली विधायिका वा व्यवस्थापिकाको पक्षमा रहन्छन् ।

कानुन निर्माणको कार्य विधायिकाबाहेक अन्य अंगबाट पनि केही न केही मात्रामा हुने भए पनि ऐन निर्माण गर्ने राज्यको मुख्य अंग संसद् वा विधायिका नै हो । यसर्थ, नेपालको संविधानको धारा ११९ बमोजिम नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसद्का दुवै सदनको संयुक्त बैठकमा राजस्वको अनुमान, संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम र संघीय विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमसमेत खुलाई प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसद्मा वार्षिक अनुमान पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

यही राजस्व र व्ययको अनुमानलाई नै बजेट भन्ने गरिन्छ । यसरी राजस्व र व्ययको अनुमान अर्थात् बजेट संयुक्त सदनमा पेस भएपछि प्रतिनिधि सभा नियमावली,२०७९ तथा राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम छलफल हुने व्यवस्था छ । साथै छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ अर्थमन्त्रीले दिएपछि सोउपर निर्णय हुने व्यवस्था समेत उक्त दुवै नियमावलीले गरेको छ । यसरी बजेट पारित हुने व्यवस्था छ ।

अर्थमन्त्रीले संयुक्त सदनमा बजेट वक्तव्य पढी सकेपछि लगत्तै बसेको प्रतिनिधि सभाको बैठकमा अर्थमन्त्रीले नै सभामुखको अनुमति लिएर बजेट वक्तव्य अर्थात् राजस्वको अनुमानको प्रति एक, अर्थ विधेयकको प्रति एक, विनियोजन विधेयकको प्रति एक र राष्ट्र ऋण उठाउने विधेयकको प्रति एकसमेत गरी चारप्रति सदनको बैठकमा पेस गर्नुपर्ने संविधान तथा उक्त नियमावलीले व्यवस्था गरेको छ। प्रतिनिधि सभा नियमावलीको व्यवस्थाबमोजिम बजेटउपर छलफल गरी पारित भएपछि मात्र अन्य तीन वटा विधेयक अर्थात् अर्थ विधेयक, विनियोजन विधेयक र राष्ट्र ऋण उठाउने विधेयकको सम्बन्धमा सदनमा छलफल गरी पारित गर्ने व्यवस्था रहेको छ ।

ती विधेयकमध्ये अर्थ विधेयकमा उल्लेख भएका कर र राजस्व प्रशासनसम्बन्धि व्यवस्था उक्त विधेयक पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण हुनुअघि नै लागु गरिन्छ। यस्तो किन हुन्छ ? अर्थात् आर्थिक विधेयक संसदबाट पारित गर्नुअघि नै कसरी लागु हुन्छ ? भन्ने प्रश्न उब्जिन सक्छ। साथै ऐन पारित नै नभई आर्थिक विधेयकमा उल्लेख भएको व्यवस्था लागु गर्नु लोकतान्त्रिक पद्धति हो ? वा यस्तो कार्य विधिसम्मत हो वा होइन ? भन्ने जिज्ञासा पनि रहन्छ।

किनकि नेपालको संविधानको धारा ११५ मा 'कानुन बमोजिमबाहेक कुनै कर लगाइने र उठाइने छैन।' भन्ने व्यवस्था छ। यसैले कानुन बन्नका लागि संसदमा विधेयक प्रस्तुत भएको अवस्थामा त्यो कसरी कानुन भयो ? भन्ने प्रश्न उठ्छ नै तर, यस प्रश्नको उत्तर सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बाट प्रष्ट हुन आउँछ।

यो ऐन प्रारम्भ भएपछि २०१५,२०१९, २०४७,२०६३ सालको चार वटा संविधान जारी भई लागु भएर पनि खारेज भइसकेको अवस्था छ। अहिले नेपालको संविधान २०७२ कार्यान्वयनमा छ तर २०१२ सालमा जारी गरिएको ऐनबमोजिम प्रत्येक वर्ष संघीय संसद्मा बजेट प्रस्तुत हुनेबित्तिकै सोही ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरेर नेपाल सरकारले भन्सार महसुल, अन्त:शुल्क लगायत अन्य कुनै कर लगाउन, घटाउन वा थपघट गर्नका लागि आदेश जारी गर्न सक्ने अधिकार दिएको छ। सार्वभौम संसद् भए पनि व्यवहारमा कार्यपालिका बढी शक्तिशाली छ भन्ने यसले देखाउँछ। साथै बिगतका सबै ऐन खराबै छन् भन्ने कुरालाई समेत यस ऐनले पुष्टि गर्दैन। यही कारण ऐनको परिमार्जन तथा खारेजी गर्दा बृहत् दृष्टिकोणबाट विचार गर्नु पर्छ। लहडको भरमा कानुन बनाउने र खारेज गर्ने कार्य लोकतन्त्रमा हुन सक्दैन।

अन्तर्राष्ट्रिय प्रचलन तथा विधिलाई अध्ययन गर्दा आर्थिक विधेयक संसद्बाट पारित हुनुअघि नै लागु गर्ने कानुनी व्यवस्था र असल अभ्यास अन्य देशमा समेत रहँदै आएको पाइन्छ। उदाहरणका लागि भारतमा प्राथमिक कानुनी व्यवस्थाले कार्यपालिकालाई संसद्बाट बजेट आधिकारिकरूपमा पारित हुनुभन्दाअघि कर संकलन गर्ने र खर्च गर्ने अधिकार प्रदान गरेको छ। सन् २०२३ मा जारी करको अस्थायी संकलन ऐनले भारत सरकारलाई अर्थमन्त्रीले आर्थिक विधेयक संसद्मा प्रस्तुत गरेपछि उक्त विधेयकमार्फत् 'घोषित प्रावधान' ७५ दिनसम्म लागु गर्न सक्ने अधिकार प्रदान गरेको छ। यसैगरी श्रीलंकाको कुरा गर्दा संविधानको धारा १४८ अन्तर्गत, संसद्को सार्वजनिक वित्तमाथि पूर्ण नियन्त्रण छ र संसद्को स्पष्ट अधिकारबिना कुनै पनि कर लगाउन वा खर्च गर्न सकिँदैन।

यद्यपि विशिष्ट कानुनी प्रावधानले आर्थिक ऐन पारित हुनुभन्दा अघि केही करको तत्काल संकलन र आवश्यक खर्चको व्यवस्थापन गर्न कम्तीमा पनि चारदेखि छ महिनासम्म सरकारलाई अनुमति दिन्छ। जापानमा संसदीय स्वीकृतिअघि राष्ट्रिय वित्त व्यवस्थापन गर्ने र बजेट कार्यान्वयनको तयारी गर्ने कार्यकारीको अधिकार मुख्यतया जापानको संविधान र १९४७ को सार्वजनिक वित्त ऐनबाट प्रदान गरिएको पाइन्छ। यस्तै बेलायतमा करको अस्थायी संकलन ऐन १९६८ मार्फत् सरकारलाई अर्थमन्त्रीको बजेट भाषण घोषणा भएपछि तुरुन्तै कर र शुल्कहरू संकलन गर्न अनुमति दिन्छ।

'अस्थायी कर संकलन ऐन' भएका केही देशभन्दा क्यानडामा फरक छ। यहाँ अस्थायी प्रकृतिको कर लगाउने सन्दर्भमा कुनै कानुनी व्यवस्था छैन, जसले गर्दा बजेटमा उल्लेख भएको व्यवस्था संसद्बाट पारित हुनुअघि सरकारले कार्यान्वयन गर्न सक्ने गरी कानुनी अधिकार प्राप्त गर्दैन। साथै क्यानडाको संविधान ऐन, १८६७ अन्तर्गत, संसद्को सहमतिबिना कुनै पनि रकम खर्च गर्न वा कर लगाउन नसकिने व्यवस्था छ। यसैले पूर्ण बजेट पारित हुनुभन्दा अघि वित्त व्यवस्थापन गर्न क्यानडामा संवैधानिक परम्परा र विशिष्ट विधायिकी प्रक्रियाको संयोजनमा निर्भर रहँदै आएको छ। बजेट पारित हुन सकेन भने उक्त संवैधानिक परम्पराअन्तर्गत संकलन गरिएको कर फिर्ता गर्नुपर्ने मान्यता रहँदै आएको छ।

क्यानडामा जस्तै अस्ट्रेलियामा पनि बजेट प्रस्तुत गरिएको दिनमा सरकारलाई सम्पूर्ण बजेट कार्यान्वयन गर्ने अधिकार छैन। संविधानको धारा ८१ र ८३ अन्तर्गत 'कानुनद्वारा गरिएको विनियोजन' बाहेक राज्यको कोषबाट कुनै पनि रकम निकाल्न सकिँदैन, जसलाई संसद्द्वारा मतदान आवश्यक पर्छ। यद्यपि भन्सार ऐन, १९०१ तथा अन्त:शुल्क ऐन, १९०१ ले आर्थिक विधेयकमा उल्लेख भएका केही भाग मुख्यतया करलाई तुरुन्तै लागु गर्न अनुमति दिएको देखिन्छ।

अमेरिकामा आर्थिक विधेयक कांग्रेसबाट पारित गर्नुअघि नै लागु गर्ने अधिकार कार्यकारीलाई छैन। संसदीय प्रणाली भएका केही देश, जहाँ केही कर संसद्मा विधेयक प्रस्तुत हुनेबित्तिकै तुरुन्तै लागु हुन सक्छन् तर, अमेरिकामा त्यस्तो अवस्था रहँदैन। कुनै पनि खर्च वा करका दर परिवर्तन गरी कानुन बन्नका लागि कांग्रेसको सहयोग आवश्यक पर्छ। यसैले अमेरिकमा बेला बखत संघीय सरकारको कामकारबाहीलाई लामो समयसम्म पूर्ण बन्द (सटडाउन) गर्नुपर्ने अवस्था रहन्छ। यस्तै ल्याटिन अमेरिकी देश ब्राजिलमा पनि अमेरिकामा जस्तै कार्यकारीलाई नयाँ बजेट पेस भएको दिन पूर्णरूपमा कार्यान्वयन गर्ने अधिकार छैन। यद्यपि, १९८८ को संविधान र विशिष्ट वित्तीय कानुनहरूले राष्ट्रपतिलाई केही उपाय तुरुन्तै लागु गर्न वा बजेट ढिलाइ भएमा आवश्यक खर्च व्यवस्थापन गर्न उपकरणहरू प्रदान गरेको पाइन्छ।

यसरी नेपाललगायत धेरै देशमा सरकारको निरन्तरता र वित्तीय स्थिरता सुनिश्चित गर्न संसदीय स्वीकृति प्रदान गर्नुअघि नै बजेट तथा आर्थिक विधेयकमा उल्लेख भएका कर र राजस्व प्रशासनसम्बन्धि केही व्यवस्था कार्यान्वयनमा लैजान सक्ने कानुनी अधिकार सरकारलाई रहँदै आएको छ। यस्तो व्यवस्थाले दैनिक कार्यलाई निरन्तरता दिई सरकारको काम 'सटडाउन' हुनबाट रोकिँदै आएको पाइन्छ। नयाँ सरकारले यससम्बन्धि कार्यमा कस्तो विधि र प्रक्रियाको अवलम्बन गर्छ, आगामी दिनबाट तय हुँदै जाने छ।

*साभार: गोरखापत्र*

---

# फेरि बर्डफ्लुको सन्त्रास

✍ विश्वनाथ खरेल।

बर्डफ्लु वा एभियन इन्फ्लुएन्जाजस्ता भाइरस मुख्यरूपमा पन्छीहरूमा लाग्ने संक्रामक रोग हो, जसले कुखुरा, हाँसजस्ता पाल्तु चराहरूमा तीव्र मृत्युदर निम्त्याउँछ । यो भाइरस जंगली चराबाट व्यावसायिक फार्ममा सर्न सक्छ र मानिसमा पनि संक्रमित हुन सक्छ। तर, पूर्णरूपमा पकाएको मासु-अण्डा खाँदा सुरक्षित भइन्छ । नेपालमा यो रोग सन् २००९ देखि नै देखा परेको थियो, जसले पोल्ट्री उद्योगलाई ठूलो क्षति पुऱ्यायो।

सन् २०२२ मा त १५ जिल्लामा फैलिएर ६ लाखभन्दा बढी कुखुरा नष्ट गर्नुपरेको थियो । अहिलेको यो प्रकोपले पुन:एकपटक पोल्ट्री व्यवसायीलाई ठूलो क्षति पुऱ्याएको छ र समग्र अर्थतन्त्रमा प्रभाव पार्ने देखिन्छ। प्रदेशका बिभिन्न जिल्लाहरूमा यो रोग फैलिएको छ । चैतको पहिलो र दोस्रो हप्तामा झापा, मोरङ र सुनसरी जिल्लामा बर्डफ्लु संक्रमण पुष्टि भएको छ, जसले पोल्ट्री उद्योगमा ठूलो क्षति पुऱ्याएको छ र स्थानीय प्रशासनलाई उच्च सतर्कता अपनाउन बाध्य बनाएको छ।


*पछिल्लो बर्डफ्लु प्रकोपको स्थिति :*

देशमा विभिन्न प्रकारका उच्च-प्याथोजेनिक एभियन इन्फ्लुएन्जाका ११ वटा नयाँ प्रकोप पुष्टि भएका छन् । यीमध्ये अधिकांश प्रकोप कोसी प्रदेशमा रहेका पोल्ट्री फार्महरूमा देखिएका हुन् । सबैभन्दा ठूलो प्रकोप मोरङ जिल्लामा देखियो । जहाँ एकै फार्ममा लगभग २४ हजार लेयर कुखुरा संक्रमित भएको पाइयो । विश्व पशु स्वास्थ्य संगठनलाई दिइएको जानकारी अनुसार, उक्त फार्ममा २३ हजार ८ सय ५० कुखुरा संक्रमणको शंकामा रहेका थिए, जसमध्ये ५ हजार ८ सय ५० कुखुरा मरिसकेका छन् भने १८ हजार कुखुरा नियन्त्रणका लागि मारिए । यसमा रोगको स्रोत जंगली चराको सम्पर्क रहेको विश्वास गरिएको छ।

*विभिन्न जिल्लामा बर्डफ्लुको अवस्था :*

विराटनगरको पशु सेवा प्रयोगशालाका प्रमुख डा. कमल गिरीका अनुसार, जिल्लाका पाँचवटा व्यावसायिक पोल्ट्री फार्ममा बर्डफ्लु संक्रमण पुष्टि भएको छ। संक्रमित फार्महरूमा दाहाल एग्रो फार्म, हलेसी महादेव फार्म, अठियाबारी फार्म, ए टु जेड फार्म र कामाख्या पोल्ट्री फार्महरू रहेका छन् । गत असारदेखि हालसम्म जम्मा १ सय ९८ नमुनाको परी क्षण गरिएको थियो । जसमध्ये ४५ वटा नमुनामा बर्डफ्लु संक्रमण पुष्टि भएको छ ।

यो तथ्यांकले यस क्षेत्रमा बर्डफ्लुको संक्रमण दर उच्च रहेको देखाउँछ। संक्रमण पुष्टि भएपछि प्रशासनले संक्रमित कुखुरा मार्ने, अन्डा, दाना र अन्य सामग्री नष्ट गर्ने प्रक्रिया अघि बढाइसकेको छ। विराटनगरमा मात्र ६ हजारभन्दा बढी कुखुरा नष्ट गरिएको छ, जसले प्रतिफार्म १ करोडभन्दा बढीको क्षति पुऱ्याएको छ। झापा पनि बर्डफ्लु प्रकोपबाट अछुतो छैन । जिल्लाको दमक नगरपालिका-१० मा रहेको एग्रिकल्चरल फार्ममा विभिन्न प्रकारको बर्डफ्लु संक्रमण पुष्टि भयो। संक्रमण पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालय झापाले सो फार्मका सबै कुखुरा नष्ट गऱ्यो ।



जिल्ला प्रशासनले संक्रमण केन्द्र मानिएको स्थानको चारै दिशामा २० मिटरको दूरीलाई संकट क्षेत्र घोषणा गरेको छ । यस क्षेत्रभित्र कुखुरा, अन्डा, दाना र कुखुरासँग सम्बन्धित अन्य सामग्रीको ओसारपसारमा पूर्णरूपमा प्रतिबन्ध लगाइएको छ। झापाको पशु सेवा कार्यालयका प्रमुख शीतल भट्टराईका अनुसार दमक-१० मा रहेको व्यावसायिक फार्ममा लेयर कुखुरामा संक्रमण पुष्टि भएको थियो। उनका अनुसार, मेचीनगर, अर्जुनधारालगायत अन्य स्थानहरूमा पनि कुखुरा मर्न थालेको जानकारी प्राप्त भइरहेको छ। यसले झापाका विभिन्न भागमा संक्रमण फैलिएको संकेत गर्छ ।

हालसम्म प्राप्त तथ्यांकअनुसार, कोसी प्रदेशका तीन जिल्ला मोरङ, झापा र सुनसरीमा बर्डफ्लु प्रकोपबाट सबैभन्दा बढी प्रभावित भएका छन्। यी तीनै जिल्ला भारतको बिहार राज्यसंग सीमा जोडिएका छन्, जहाँ यसै समयमा बर्डफ्लुको प्रकोप देखिएको थियो। राष्ट्रमा पुष्टि भएका ११ वटा प्रकोप सबै कोसी प्रदेशभित्र सीमित रहेको देखिन्छ । यद्यपि, छिमेकी जिल्लाहरूमा समेत संक्रमण फैलिन सक्ने खतरा रहेकाले प्रशासनले उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ । जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख तेजप्रसाद प्रसाईंले जारी गरेको सूचनामा छिमेकी जिल्ला मोरङ, सुनसरीमासमेत बर्डफ्लुको संक्रमण देखिएको उल्लेख छ । यसले यो रोग यी तीन जिल्लाभन्दा बाहिर पनि फैलिन सक्ने संकेत गर्छ।

त्यस्तैगरी, काठमाडौं उपत्यकाका व्यावसायिक फार्ममा संक्रमण नदेखिए पनि कीर्तिपुर क्षेत्रमा ६० देखि १ सय भन्दा बढी जंगली काग मरेका छन् र तिनलाई एच-५एन-१ संक्रमित पाइएको छ । तिनलाई सुरक्षितरूपमा गाडने र क्षेत्र नि:संक्रमण गर्ने काम भइरहेको छ । चितवन जिल्लामा पनि केही फार्म प्रभावित भएको अनुमान छ तर, स्थान गोप्य राखिएको छ । काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लामा उच्च सतर्कता अपनाइएको छ। यो प्रकोपलाई सन् २०२२ कोभन्दा सानो तर, तीव्र मानिएको छ । तसर्थ, सन् २०२२ मा १५ जिल्लामा फैलिएर ६ लाखभन्दा बढी कुखुरा नष्ट गर्नुपरेको थियो । अहिलेको प्रकोप मुख्यत: कोसी प्रदेशमा केन्द्रित छ तर, भारतसँगको सीमा नजिकै भएकाले अन्य जिल्लामा पनि जोखिम उच्च छ।

*ऐतिहासिक पृष्ठभूमि :*

नेपालमा बर्डफ्लु पहिलो पटक सन् २००९ जनवरी १६ मा झापा जिल्लाको काँकडभिट्टा क्षेत्रमा देखा परेको थियो । त्यतिबेला २८ हजार कुखुरा नष्ट गरिएका थिए। त्यसपछि सन् २०१३, २०२० र २०२२ मा ठूला प्रकोप देखिए । सन् २०२२ को प्रकोप सबैभन्दा ठूलो थियो, जसले १५ जिल्ला प्रभावित पाऱ्यो र ६ लाख १० हजारभन्दा बढी पन्छी नष्ट गर्नुपऱ्यो । सन् २०१९ मा काभ्रेपलाञ्चोकका एक २१ वर्षीय युवकको बर्डफ्लुबाट मृत्यु भएको थियो। यो नेपालमा मानिसमा देखिएको पहिलो र एकमात्र पुष्टि भएको केस हो।

डब्लुएचओका अनुसार सन् २००३ देखि २०२४ सम्म विश्वमा ९ सय ५४ जना मानिसमा एच ५ एन १ संक्रमण पुष्टि भएको छ। जसमध्ये ४ सय ६० जनाको मृत्यु भएको थियो। नेपालमा हरेक वर्ष यो रोग दोहोरिनुको मुख्य कारण जंगली पन्छीको बसाइँ-सराइ, भारतसँगको खुला सीमा र फार्ममा बायोसेक्युरिटीको कमी हो। राष्ट्रिय तथ्यांक कार्यालयको नेपाल व्यावसायिक कुखुरा पालन सर्वेक्षण २०८१/८२ अनुसार देशभर २२ हजार ९ सय २८ वटा व्यावसायिक फार्म छन्, जसमध्ये २१ हजार १ सय ४ ले मासु, १ हजार ७ सय ६ ले अण्डा र १ सय १८ ले चल्ला उत्पादन गर्छन्। यीमध्ये मात्र ६३.७ प्रतिशत दर्ता छन्।

*कारण र प्रसारण :*

बर्डफ्लु मुख्यत: एच ५ एन १ (हाई प्याथोजेनिक) र एच-९एन-२ (लो प्याथोजेनिक) भाइरसबाट फैलिन्छ। यो भाइरस जंगली पन्छी विशेष गरी काग, हाँस, जंगली चरामार्फत् सर्छ। कागको स्वभाव सिनो खाने र हुलमा बस्ने हुनाले रोग छिटो फैलाउँछ। भारतका विभिन्न राज्यहरू छत्तीसगढ, महाराष्ट्र, केरला आदिमा पनि हालै बर्डफ्लु फैलिएको छ र नेपाल-भारत सीमामा अवैध कुखुरा-चल्ला आयात बढेको छ,जसले जोखिम बढाएको छ। संक्रमण हावा, धूलो, दाना, पानी वा संक्रमित पन्छीको प्रत्यक्ष सम्पर्कबाट हुन्छ। फार्ममा बाहिरी व्यक्ति-सवारीको प्रवेश, प्रयोग भएका क्रेटको पुनः प्रयोग र दैनिक सफाइको कमीले पनि प्रसारण बढाउँछ।

*आर्थिक प्रभाव :*

नेपालको पोल्ट्री क्षेत्रले वार्षिक ६० अर्ब ९६ करोडको मासु, १४ अर्ब ८२ करोडको अन्डा, १० अर्ब २२ करोडको चल्ला र १ अर्बको मल उत्पादन गर्छ । यो क्षेत्रले हजारौं युवा र महिलालाई रोजगारी दिएको छ । अहिलेको प्रकोपले किसानलाई लाखौंको क्षति पुऱ्याएको छ । सन् २०२२ मा धेरै किसानले फार्म छोडेका थिए, किनकि क्षतिपूर्ति ढिलो र अपुरो थियो । अहिले पनि किसानहरू चिन्तित छन्। फलत: फार्म सिल गरिएका ठाउँमा बिक्री रोकिएको छ, ढुवानीमा प्रतिबन्ध छ । यदि क्षतिपूर्ति चाँडो नदिइएमा धेरै किसानले व्यवसाय छोड्न सक्छन्। समग्रमा, पोल्ट्री क्षेत्रको उत्पादन घट्दा मासु र अण्डाको मूल्य बढ्ने र उपभोक्तालाई पनि असर पर्नेछ।

*साभार : कोरोबार दैनिक*

# ‘काठ छुनु भनेको मान्छे मार्नुभन्दा ठुलो अपरा धजस्तो देखिनु विडम्बना हो’



नेपालको/वन क्षेत्रमा पर्याप्त काठ भए पनि नीतिगत अस्पष्टता र कर्मचारीतन्त्रको नियन्त्रणमुखी मानसिकताका कारण उपभोक्ता महँगो मूल्य तिर्न बाध्य छन्। कानुनी त्रास र झन्झटिलो प्रक्रियाले गर्दा ढलापडा काठ जंगलमै सडेर जाने अवस्था छ, जसले गर्दा मानिसहरू कृत्रिम सामग्री प्रयोग गर्न विवश छन्। वन व्यवस्थापनलाई हरित उद्यमसँग जोड्दै प्रक्रिया सरलीकरण गरेमा मात्र स्वदेशी वनबाट समृद्धि हासिल गर्न सकिने अवस्था छ।

नेपालको वन क्षेत्र, विशेषगरी बागमती प्रदेश प्राकृतिक स्रोतले सम्पन्न छ । विडम्बना, आफ्नै वनमा काठ कुहिएर गइरहेका छन् । उपभोक्ताहरू महँगो मूल्यमा विदेशी विकल्प वा कृत्रिम सामग्री प्रयोग गर्न बाध्य छन् ।

यो समस्याको जड ‘प्रचुरताको अभाव’ नभई ‘नीतिगत कमजोरी र नियन्त्रणमुखी मानसिकता’ हो । हाम्रो वनमा काठ पर्याप्त छ, तर सरकारको नीति र कर्मचारीतन्त्रको त्रासले गर्दा उपभोक्ताले त्यसको सुलभ लाभ पाउन सकेका छैनन् ।

***विद्यमान समस्या र चुनौतीहरू***

१. नीतिगत अस्पष्टता र संघीय द्वन्द्व:

प्रदेश सरकारले आफ्नै वन ऐन ल्याए पनि संघीय कानुनसँग बाझिँदा कार्यान्वयनमा समस्या आएको छ । बागमती प्रदेशले २०७५ मा ऐन ल्याए पनि संघीय ऐन २०७६ मा आउँदा प्रदेशको ऐन परिमार्जन गर्नुपर्ने चुनौती छ ।

२. कानुनी त्रास र त्रसित मनोविज्ञान:

वनका कर्मचारी र उपभोक्ता दुवैमा काठ निकाल्दा वा छुँदा मुद्दा लाग्ने र जेल जानुपर्ने ठुलो डर छ । यसले गर्दा ढलापडा र सुकेका काठ पनि जङ्गलमै सडेर जाने अवस्था छ ।

३. अत्यधिक महँगो मूल्य :

स्वदेशी काठको मूल्य बजारमा प्रतिक्युविक फिट ७ हजार देखि ८ हजार रुपैयाँसम्म पुगेको छ । यसले गर्दा उपभोक्ताहरू काठको विकल्पमा यूपीभीसी, आलुमिनियम र प्रि-फ्याबतर्फ आकर्षित भइरहेका छन् ।

४. झन्झटिलो प्रशासनिक प्रक्रिया:

सामुदायिक वनको कार्ययोजना बनाउने र काठ आपूर्तिका प्रक्रियाहरू अत्यन्तै जटिल छन् । आपूर्ति समितिहरू प्रभावकारी र पारदर्शी हुन सकेका छैनन् ।

५.स्थानीयकरणको अभाव :

बनेका कानुनहरूबारे तल्लो तहका उपभोक्तालाई जानकारी छैन । कानुनले दिएका अधिकार र सुविधाबारे उपभोक्ता अनभिज्ञ हुँदा कार्यान्वयन पक्ष फितलो भएको छ ।

६. निजी वनको बेवास्ता:

निजी क्षेत्र र पारिवारिक वनमा रहेका काठ (जस्तै: सालको रुख) ओसारपसार र कटानीमा अझै पनि व्यवहारिक झन्झटहरू कायम छन् ।

७. निकासी र ढुवानीमा समस्या:

एउटै जिल्ला वा एउटै पालिकाभित्र काठ ओसारपसार गर्दा पनि ठाउँ-ठाउँमा समाइने र दु:ख दिने प्रवृत्तिले मान्छेहरू त्रसित छन् ।

वनलाई समृद्धिसँग जोड्ने चुनौती र अबको बाटो वन क्षेत्रमा डरको मनोविज्ञान कायम छ । अहिले वनका काठ वा पैदावार छुने कुरा मान्छे मारेको भन्दा ठुलो मुद्दा लाग्छ भन्नेजस्तो देखिन्छ । सबै मान्छे त्रसित छन् । जङ्गलमा गएर एउटा रुख काट्दा अर्को रुखलाई अलिकति चोट लाग्यो भने पनि मुद्दा लाग्छ भन्ने खालको डर छ ।

यो त्रास केवल उपभोक्तामा मात्र होइन, वन कर्मचारीहरूमा पनि छ । यही डरका कारण ढलापडा र सुकेका काठहरू समयमै निकाल्न सकिएको छैन । ढलापडा र सुकेका काठ निकाल्छौँ भनेर प्रदेशले निर्णय गर्न सक्छ, तर संघीय कानुनले धेरै कुरा कन्ट्रोल गर्छ । संघीय स्तरमा स्पष्ट निर्णय नहुँदा प्रदेशले मात्रै आँट गर्दा समस्या हुन्छ भन्ने डरले काम रोकिएको छ ।

बजारमा काठको मूल्य आकासिँदै जाँदा सर्वसाधारणले बाध्यताका कारण यसको विकल्प खोज्न थालेका छन् । वास्तवमै हाम्रो जङ्गलमा हामीले हुर्काएको काठ एकदमै महँगो छ । बजारमा आइपुग्दा प्रतिक्युविक फिट ७ देखि ८ हजार रुपैयाँ पुग्छ । यति महँगो भएपछि कसले प्रयोग गर्न सक्छ ? अनि मान्छेले काठको विकल्पमा यूपीभीसी र आलुमिनियम प्रयोग गर्न थाल्छन्।

घर बनाउँदा मान्छेले रहरले आलुमिनियम हालेका होइनन्। काठ नभएर पनि होइन । काठ ल्याउने प्रक्रिया झन्झटिलो र मूल्य महँगो भएर यस्तो भएको हो । उपभोक्ताले वन संरक्षण गरे बापतको लगानी उठाएर बाँकी काठ सरल रूपमा उपलब्ध गराउने वातावरण बनाउने हो भनेमात्र घर र फर्निचरमा काठको प्रयोग बढ्छ ।

प्रदेशले संघीय सरकारभन्दा पहिले नै वन ऐन ल्याए पनि त्यसको सफल कार्यान्वयन हुन सकेको छैन । बागमती प्रदेशको वन ऐन २०७५ मा आयो, संघीय ऐन २०७६ मा मात्र बन्यो । विडम्बना, २०७५ सालदेखि अहिलेसम्म प्रदेशको ऐन प्रभावकारीरूपमा कार्यान्वयन भएको छैन । भर्खरैमात्र हामीले पहल गरेर यसलाई संशोधनमा लगेका छौँ ।

सरकारी निकायले ल्याउने ‘श्वेतपत्र’ हरू पनि कागजमै सीमित छन् । प्रदेश सरकारले आफ्नै प्रदेशको काठ प्रयोग गर्ने भनेर श्वेतपत्र निकाल्यो, तर, त्यो पर्याप्त छैन । सरकारी भवनहरूले नै यसको सुरुवात गर्नुपर्ने हो । तर व्यवहारमा त्यस्तो देखिएको छैन । कर्मचारीतन्त्र र नीति निर्माताहरूमा अझै पनि नियन्त्रणमुखी कानुन नै बनाउनुपर्छ भन्ने पुरातन सोच हाबी छ।

कानुन बने पनि त्यसको जानकारी तल्लो तहसम्म नपुग्नु अर्को ठुलो चुनौती छ । हामी कानुन त बनाउँछौं, तर त्यसको स्थानीयकरण गर्दैनौं । जनतालाई कानुन बुझाउनै सकिएको छैन । संघीय वन ऐन २०७६ ले सामुदायिक वनको आम्दानीको ५० प्रतिशत रकम गरिब, महिला र उद्यमशीलतामा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ, तर गाउँका उपभोक्तालाई अझै पनि पुरानो ३५ प्रतिशतकै मार्गदर्शन मात्र थाहा छ।

उपभोक्तालाई आफ्नो अधिकारबारे जानकारी नहुँदा राज्यका संरचनाहरूले उनीहरूलाई सहजीकरण गर्नुको साटो झन्झट दिने गरेको छ। उपभोक्तालाई जानकारी गराउने काम राज्यको हो। यदि उनीहरूलाई आफ्नो अधिकार थाहा हुन्थ्यो भने अधिकारका लागि आवाज बुलन्द गर्थे। कार्यान्वयन तहमा अहिले ठुलो लापर्बाही देखिएको छ।

नेपाललाई काठमा आत्मनिर्भर बनाउन निजी र पारिवारिक वनको भूमिका महत्त्वपूर्ण हुन्छ, तर त्यहाँ पनि नीतिगत गाँठो फुक्न बाँकी छ । अहिले निजी वनको साल काट्न पाइने भनिएको छ, तर धेरैलाई यो कुरा थाहै छैन । आफ्नो खेतबारीको रुख काटेर एक ठाउँबाट अर्को ठाउँ लैजान खोज्दा पनि ठाउँ-ठाउँमा समाइन्छ । यस्तो भएपछि मान्छे त्रसित हुनु स्वाभाविक हो । वनलाई केवल ‘काठ’ को रूपमा मात्र हेरिनु हुँदैन । वन भनेको पर्यापर्यटन र जडीबुटी पनि हो । बागमतीका मकवानपुर, चितवन र सिन्धुलीमा सालको काठ छ भने अन्य जिल्लामा जडीबुटी र पर्यटनको सम्भावना छ । यी सबैलाई एकीकृत रूपमा विकासको अवधारणा अघि बढाउनु पर्छ ।

वन व्यवस्थापन र वन पैदावार उपभोगमा प्रदेश सरकार निर्धक्क भएर अगाडि बढ्न सक्नुपर्छ । प्रदेश सरकार कहिले संघसँग त कहिले स्थानीयसँग डराएर खुट्टा कमाउँछ । यसरी डराएर हुँदैन । आफ्नै स्रोतलाई उपयोग गरेर रोजगारी सिर्जना गर्ने र आयात प्रतिस्थापन गर्ने गरी काम गर्नुपर्छ। वन व्यवस्थापनलाई ‘हरित उद्यम’सँग जोडेर उपभोक्तामैत्री बनाइनुपर्छ। काठ निकाल्ने प्रक्रिया लाई पारदर्शी र सरल बनाउँदै आपूर्ति समितिको कामलाई प्रभावकारी बनाउनु पर्छ । यदि सरकारले यी नीतिगत र व्यावहारिक अड्चनहरू फुकाउने हो भने विदेशी काठ र कृत्रिम सामग्रीको आयात रोकेर स्वदेशी वनबाटै समृद्धि सम्भव छ।

हामी स्रोतमाथि सुतेका छौँ, तर प्रक्रियाको साङ्लोले बाँधिएका कारण गरिब छौँ । यो विषय नीति निर्माण तहबाट कार्यान्वयन हुनु आजको आवश्यकता हो।

साभार:

# कार्यवाहकको भरमा १७ देशका नेपाली राजदूतावास



काठमाडौं/विश्वका ३१ देशमा नेपालका राजदूतावास छन्। तीमध्ये १७ वटामा नयाँ राजदूत नियुक्त हुन नसक्दा कार्यवाहकको भरमा चलिरहेका छन् । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले विभिन्न ११ देशमा रहेका राजदूतहरूलाई फिर्ता बोलाएको थियो । आम निर्वाचनपछि बनेको बालेन्द्र शाह नेतृत्वको सरकारले अरू ६ जनालाई फिर्ता बोलाउँदा १७ देशमा रहेका नेपाली दूतावासका कार्यवाहकको भरमा चलिरहेका हुन्।

राजदूत नहुँदा कूटनीति क्षेत्रमा प्रभाव परिरहेको जानकार हरू बताउँछन्। पूर्वराजदूत जयराज आचार्य भन्छन्, ‘कार्यवाहकको भरमा दूतावास चलाउनु राम्रो होइन, तर त्यो विशेष परस्थितिमा हुन गएको हो । अब सरकारले खाली ठाउँमा तत्कालै सर्वाधिकार राजदूत पठाउनुपर्छ ।’

गत असोजमा तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, अमेरिका र जापानका लागि नेपाली राजदूतहरूलाई फिर्ता बोलाएको थियो ।

सरकार परिवर्तन भएपछि आफ्नो अनुकूल टिम बनाउने चलन भएकाले राजदूत फिर्ता बोलाउनु सामान्य नै भएपनि लामो समयसम्म पद रिक्त राख्नु राम्रो नहुने आचार्य बताउँछन् । ‘अमेरिकामा सरकार परिवर्तन भएपछि व्यापक हेरफेर हुन्छ । यसरी सरकार परिवर्तन भएसँगै राजदूत फिर्ता, राजनीतिक नियुक्ति पाएकाहरूलाई फिर्ता बोलाउनुलाई सामान्य ढंगबाट लिनुपर्छ,’ उनी भन्छन्, ‘तर ती पदहरु लामो समयसम्म खाली राख्न हुँदैन ।’

नयाँ सरकार बनेपछि चैत २३ गते छवटा देशका राजदूतलाई फिर्ता बोलाइएको छ । भारत, डेनमार्क, दक्षिण अफ्रिका, अस्ट्रेलिया, दक्षिण कोरिया र श्रीलंकाका राजदूतहरूलाई सरकारले फिर्ता बोलाएको हो। फिर्ता बोलाइएकाहरूमा डा. शंकर शर्मा (भारत), सुम्निमा तुलाधार (डेनमार्क), चित्रलेखा यादव (अस्ट्रेलिया), शिवमाया तुम्बाहाङ्फे (दक्षिण कोरिया), कपिलमान श्रेष्ठ (दक्षिण अफ्रिका) र पूर्णबहादुर नेपाली (श्रीलंका) छन्। परराष्ट्र मन्त्रालयले उनीहरुलाई पत्र पठाएर एक महिनाभित्र नेपाल फर्किन निर्देशन दिइसकेको छ ।

उनीहरुलाई सरकारले फिर्ता बोलाइसकेपछि स्वत: त्यहाँका डीसीएम कार्यवाहक राजदूत हुने पर राष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री बताउँछन् । ‘फर्किनका लागि एक महिनाको समय यस कारणले दिइएको हुन्छ कि त्यसको तयारी गर्नुपर्ने भएकाले,’ उनी भन्छन्, ‘सम्बन्धित राष्ट्रसँग बिदाइ कार्यक्रम हुनुका साथै तयारीमा समय लाग्ने भएकाले एक महिनाको समय दिइएको हुन्छ ।’

पूर्वराजदुत विजयकान्त कर्ण लामो समयसम्म कार्यवाहकको भर मा चल्दा राम्रो सन्देश नजाने बताउँछन्। ‘लामो समय कार्यवाहक राजदूत राख्नु राम्रो होइन, कार्यवाहक राजदूत र अधिकार सम्पन्न राजदूतलाई हेर्ने दृष्टिमा नै फरक हुन्छ, विभिन्न कार्यक्रम तथा भेटघाटमा जानुपर्ने हुन्छ । त्यस अवस्थामा कार्यवाहक राजदूतलाई त्यति महत्त्व दिएको हुँदैन,’ उनी भन्छन् ।

पूर्वराजदूत सूर्य मिश्रा पनि लामो समयसम्म दूतावासमा र ाजदूत खाली राख्नु राम्रो नभएको बताउँछन् । ‘त्यसले देशको कूटनीतिक क्षेत्रमा असर पर्छ । यसअघिको सरकार चुनावी सरकार थियो, अहिलेको सरकारले खाली भएको ठाउँमा तत्कालै राजदूत नियुक्त गरिहाल्नुपर्छ,’ उनी भन्छन्, ‘महत्त्वपूर्ण भेटघाटमा कार्यवाहकलाई मोरलले पनि साथ दिइरहेको हुँदैन ।’

परराष्ट्र मन्त्रालयका प्रवक्ता क्षेत्री सरकारको निर्णय अनुसार र ाजदूत फिर्ता बोलाउने कार्यलाई अगाडि बढाइएको बताउँछन् ।

‘रिक्त ठाउँमा राजदूत कहिले पठाउने सरकारको कुरा हो, तर कार्यवाहकले चलाइरहेका दूतावासमा काम सन्तोषजनक नै छ,’ उनी भन्छन् ।

## कमेडी दरबारको सिजन-३ नयाँ स्वरूपमा

काठमाडौं/लोकप्रिय हास्य टेलिभिजन शो ‘कमेडी दरबार’ आफ्नो तेस्रो सिजन लिएर दर्शकमाझ आउने भएको छ । अघिल्ला दुई सिजनको अपार सफलतापछि करिब तीन महिनाको अन्तरालमा शो फर्किन लागेको हो । शो आगामी वैशाख ४ गते शुक्रबारदेखि नियमित प्रसारण हुने शोका निर्देशक तथा होस्ट विक्की अग्रवालले जानकारी दिए ।

अग्रवालका अनुसार यसपटकको सिजनलाई अझ रोचक, मनोरञ्जनात्मक र भव्य बनाउन सेट डिजाइनदेखि प्रस्तुति शैलीसम्म विशेष परिवर्तन गरिएको छ। नयाँ भव्य सेट, नयाँ कमेडियन, नयाँ जज र परिमार्जित फर्म्याट्का साथ कार्यक्रमलाई अझ उचाइमा पुऱ्याउने निर्माण पक्षको अपेक्षा छ ।

यस सिजनमा पनि ‘महाराजा’ कारूपमा चर्चित कमेडियन मनोज गजुरेल र ‘महारानी’ का रूपमा वरिष्ठ अभिनेत्री गौरी मल्ल यथावत् रहनेछन्।

शोमा यस पटक नयाँ आकर्षणकोरूपमा जज प्यानलमा ‘रानी’ को भूमिकामा अभिनेत्री दिया मास्के जोडिएकी छिन् । त्यस्तै, अघिल्ला सिजनका लोकप्रिय कलाकारहरूसँगै यस पटक सन्तोष थापा, दिनेश काफ्ले र सुजन जिम्बा नयाँ कमेडियनका रूपमा देखिने भएका छन्।

माया इन्टरटेन्मेन्टद्वारा निर्माण गरिएको कार्यक्रम प्राइम टिभी एचडी र ओएसआर रियालिटी युट्युब च्यानलमार्फत् हेर्न सकिने आयोजकले जनाएको छ ।

## शुक्लाफांटमा विद्यालय सुधार अभियान

कञ्चनपुर/नयाँ शैक्षिकसत्र सुरु हुनुअगावै शुक्लाफाँटा नगरपालिकाले नगरका सामुदायिक र संस्थागत विद्यालयमा देखिएका व्यवस्थापकीय कमजोरी र शैक्षिक बेथिति सुधार गर्न व्यापक अभियान सुरु गरेको छ।

नगरपालिकाले सामुदायिक विद्यालयलाई पाठ्यपुस्तक समयमै उपलब्ध गराउने, चालु सत्रभित्र छात्रवृत्ति वितरण गर्ने र विद्यालय उमेर समूहका सबै बालबालिकालाई भर्ना गराउने ‘घरदैलो अभियान’ सञ्चालन निर्देशन दिएको छ। शिक्षा शाखा प्रमुख टिकेन्द्रराज भट्टका अनुसार विनियोजित छात्रवृत्ति रकम निकासा भइसकेको हुँदा सोही सत्रभित्र वितरण गरी भर्पाइ बुझाउनुपर्ने व्यवस्था सुनिश्चित गरिएको छ ।

विद्यालयले विद्यार्थीलाई ग्रेडसिट र स्थानान्तरण प्रमाणपत्र नदिने, इमिस प्रणालीमा ट्रान्सफर नगर्नेजस्ता गतिविधि नगर्न सचेत गराइएको छ। शाखा प्रमुख भट्टका अनुसार संस्थागत विद्यालयतर्फ शुल्क विवरण, भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन र विद्यालय सवारीसाधन व्यवस्थापनमा विशेष ध्यान केन्द्रित गरेका छौँ । पूर्वप्राथमिकदेखि कक्षा १२ सम्मको शुल्क विवरण पेस नगर्ने विद्यालयलाई अन्तिम समयसीमा तोकिएको छ। निर्धारित समयभित्र पेस नगरे नियमअनुसार कारबाही हुनेछ।

उनका अनुसार शैक्षिकसत्र सुरु हुनुअगावै नयाँ विद्यार्थी भर्ना र प्रचारप्रसार रोक्न, विद्यार्थीबाट मनपरी शुल्क नलिन र विद्यालय व्यवस्थापन पारदर्शी बनाउन संस्थागत विद्यालयलाई निर्देशन दिइएको छ । धेरै विद्यालयमा खानेपानी, कक्षाकोठा, फर्निचर, शौचालय, खेलमैदान र घेराबारको अवस्था अनुगमनका क्रममा कमजोर देखिएको छ । भट्टले भने, “शैक्षिकसत्र सुरु हुनुअगावै यी पूर्वाधार सुधार्न संस्थागत विद्यालयलाई भनेका छौँ, निम्न माध्यमिक र माध्यमिक तहका विषयगत शिक्षक व्यवस्थापन र कर्मचारी सेवा सुविधा कानुनअनुसार सुनिश्चित गर्न निर्देशन दिइएको छ।”

“विद्यार्थी बोक्ने सवारीसाधन पुराना र सिट क्षमताभन्दा बढी विद्यार्थी बोकेको गुनासो आएपछि सवारी मर्मत, नयाँ साधन व्यवस्थापन र सीट क्षमताअनुसार मात्र विद्यार्थी बोक्नेका लागि निर्देशन पत्र नै पठाएर भनेका छौँ”, शिक्षा शाखाका शिक्षा अधिकृत सुरेशप्रसाद भट्टले भन्नुभयो । अनुमति नलिई माथिल्लो कक्षा सञ्चालन गर्ने विद्यालयप्रति कडा कानुनी कारबाही हुने उनले बताए।

वडा नं १० स्थित श्रीकृष्ण माध्यमिक विद्यालय झलारीमा आगामी शैक्षिकसत्रदेखि कक्षा ११ र १२ मा विज्ञान सङ्काय सञ्चालन हुने भएपछि स्थानीय विद्यार्थीले घर मै उच्च शिक्षाको अवसर पाउने भएका छन्। नगरपालिकाले विद्यार्थी व्यवस्थापन र समन्वयमा विद्यालय हरूलाई सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

नगरपालिकाले यस अभियानमार्फत विद्यालय व्यवस्थापनलाई जिम्मेवार, पारदर्शी र व्यवस्थित बनाउन अनुगमनलाई कडाइका साथ अघि बढाउने जनाएको छ। शैक्षिक सुधारको यो प्रयास नगरपालिकाका नीति, नियम र समुदायको सहभागितालाई सँगसँगै अघि बढाउने महत्वपूर्ण कदम मानिएको छ।

## उपसभामुखको निर्वाचन प्रक्रिया सुरु, रास्वपाको ग्रिन सिङ्नलको पर्खाइमा साना दल



काठमाडौं/प्रतिनिधिसभाको उपसभामुखको निर्वाचन प्रक्रिया सुरु भएको छ । बुधबारको प्रतिनिधि सभा बैठकमा सभामुख डोलप्रसाद अर्यालले उपसभामुखको निर्वाचनका लागि चैत २७ गतेको मिति तोक्दै संघीय संसद् सचिवालयका सचिव हर्क राईलाई आजै सूचना प्रकाशित गर्न निर्देशन दिएका थिए ।

सभामुख अर्यालको त्यो निर्देशनसँग सचिव राईले सूचना प्रकाशित गरेपछि उपसभामुख चयन गर्ने प्रक्रिया सुरु भएको हो । सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अर्याल निर्विरोध निर्वाचित भएका थिए । संविधान अनुसार सभामुख र उपसभामुख फरक-फरक लिङ्ग र फरक-फरक हुनुपर्ने व्यवस्था भएकाले कसले पाउने हो भन्ने निश्चित छैन ।

प्रतिनिधिसभा नियमावलीको नियम ७ मा उपसभामुखको निर्वाचन सभामुखले तोकेको दिन र समयमा हुने व्यवस्था छ । यसअनुसार अर्यालले उपसभामुखको निर्वाचनको मिति तोकेका हुन्।

प्रतिनिधिसभामा रास्वपासहित नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी छन्। २७५ सदस्यीय प्रतिनिधिस भामा रास्वपा १८२ सांसदसहित सहज एकल बहुमतमा छ। कांग्रेसका ३८, एमालेका २५, नेपाली कम्युनिस्ट पार्टीका १७, श्रम संस्कृति पार्टीका ७, राष्ट्रिय प्रजातन्त्र पार्टीका ५ सांसद छन् ।

रास्वपा एकल बहुमतमा रहेकाले उसले जसलाई समर्थन गर्छ, त्यही उपसभामुख हुनेछ । उपसभामुखमा एमाले बाहेकका दलले दाबी गरेका छन् । तर, रास्वपाले कुनै पनि दललाई ‘ग्रिन सिङ्नल’ दिएको छैन । रास्वपा नेताहरू दलहरूसँग छलफल जारी रहेको तर निष्कर्ष निस्किनसकेको जानकारी दिए ।

## हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

*निवेदक: खिने पुर्कुटी (विवाहित छोरी)* *जग्गावाला: भरत बहादुर रोका (बुवा)*

**जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ को भरत बहादुर रोकाको नाममा नाप नक्सा भएको तपशिलका जग्गा बडकुले मौजेको रैती नं. ३ को रैती भरत बहादुर रोका सार्कीको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज जग्गवाला मेरो बुवा भरत बहादुर रोका सार्कीको मिति २०४५/०५/०६ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार एक मात्र पत्नी मनमाया रोक्काको पनि मिति २०७४/१२/१२ मा मृत्यु भएको र निजहरुबाट कुनै पनि छोराहरुको जायजन्म नभई एकमात्र छोरी म खिने पुर्कुटीको मात्र जायजन्म भएकोमा उल्लेखित तपशिलका जग्गा फिल्डबुकवाला भरतबहादुर रोका र निजको एक मात्र पत्नीको मृत्यु पुर्व निजहरुले नै र निजहरुको मृत्युपश्चात निजहरुका नजिकका जिवित हकदार उल्लेखित विवाहित छोरी म खिने पुर्कुटीले नै साविकदेखि हालसम्म निरन्तर जोतभोग तथा भोगचलन गरी आएको र फिल्डबुकवाला मेरो बुवा र निजकी पत्नी मेरी आमाको बाँचुनजेलसम्मको पालनपोषण, औषधि उपचार तथा स्याहार सम्भार र मृत्युपछिको सदगद तथा काजक्रियासमेत मैले नै गरेकोले म निवेदक पुर्कुटीको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. १३९६ मिति २०८२/०८/०७ को छुट जग्गा दर्तासम्बन्धि हकदारसमेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का मृत्यु दर्ता प्रमाणपत्रहरु च.नं. ३६८० मिति २०८२/१२/१६ को पालनपोषण तथा काजक्रिया प्रमाणित सिफारिस पत्र, का.वा.पत्र, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सासमेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २०५ मिति २०८२/०८/०८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वनिक सूचना प्रकाशित गरिएको छ। अत: उल्लेखित तपशिलका जग्गा निवेदकको मागदावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको मागदावी सत्य नभई झुठा भए वा निवेदक बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वामित्वलगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि, खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी मितिले पैंतीस (३५) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी/उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन।**

***तपशिल :***

| सि नं. | फिल्डबुकको व्यहोरा : | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | फिल्डबुकवाला | साविक गाविस/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.बि. | कैफियत/निवेदक | |
| १. | भरत बहादुर रोका पं. हटिया वडा नं. ६ बुवा: साने रोका सार्की बाजे.... | हटिया | ६ | ४०८ | ०-८-६ | खिने पुर्कुटी | जिल्ला मकवानपुर **बडकुले** मौजेका रै.नं.३ को रैति भरत बहादुर सार्की कायम रहेको। |


**श्री मालपोत कार्यालय, मकवानपुर**







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा





आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# घरखेत धितोमा राखेर विदेश

सन्देश संवाददाता

काठमाडौं/नेपाल कृषिप्रधान देश भएर पनि खाद्यान्न, फलफूल, तरकारीलगायत दैनिक उपभोग्य वस्तुहरु छिमेकी देश भारतबाट ठूलो मात्रामा आयात गर्न विवश छ। यसको खास कारण भनेको कृषिप्रति नागरिकमा आकर्षण नहुनु नै हो। सरकारले पनि कृषिमा लागेका आम कृषकका लागि विशेष कार्यक्रम ल्याइ त्यसको प्रभावकारीरुपमा कार्यान्वयनमा जोड दिन नसकेकाले यस अवस्थाको सामना गर्नुपरेको तीतो वास्तविकता पनि छिपेको विषय भने होइन। उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि कृषिको विकास र आधुनिकीकरण अनिवार्य भएको छ, तर राज्य यस विषयमा गम्भीर भएको देखिँदैन। उर्वर जमिन बाँझो छ। युवा जनशक्ति सबै विदेशमा रोजगारीका लागि घरखेत नै धितोमा राखेर गएका छन्।




चालु आवको साउनदेखि फागुनसम्म आयात १२.५४ र निर्यात २०.८३ प्रतिशत् वृद्धि भएको छ। चालु आवको आठ महिनामा १२ खर्ब ८९ अर्ब २५ करोड २ लाखको वस्तु आयात भएको छ। सोही अवधिमा १ खर्ब ९१ अर्ब ११ करोड २० लाखको वस्तु निर्यात भएको भन्सार विभागको तथ्यांक छ। यस अवधिमा भारतमा मात्र १ खर्ब ५६ अर्ब ६६ करोड ४४ लाखको वस्तु निर्यात भएको भन्सार विभागले बताएको छ। गत आर्थिक वर्षको साउनदेखि फागुनसम्म ११ खर्ब ४५ अर्ब ५६ करोड ६२ लाखको वस्तु आयात भएको थियो। कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा १२.९१ प्रतिशत् रहेको भन्सार विभागले जनाएको छ।

आयातको हिस्सा भने सोही अवधिमा ८७.०९ प्रतिशत् रहेको तथ्यांकले देखाएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आवको आठ महिनामा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा घटेको र निर्यातको हिस्सा सामान्य बढेको देखिन्छ। गत आर्थिक वर्षको आठ महिनामा कुल व्यापारमा आयातको हिस्सा ८७.८७ र निर्यातको हिस्सा १२.१३ प्रतिशत् थियो। भन्सार विभागका अनुसार कुल निर्यातमा भटमासको तेलको हिस्सा ४० प्रतिशत् छ। आठ महिनामा ७५ अर्ब ७७ करोडको तेल निर्यात भएको विभागको तथ्यांकमा देखिन्छ। सोही अवधिमा ८१ अर्ब १८ करोडको कच्चा भटमासको तेल निर्यात भएको भन्सार विभागको तथ्यांकले देखाउँछ। कुल १२ खर्ब ८९ अर्बको वस्तु आयात हुँदा २ खर्ब ९ अर्ब ९९ करोडको पेट्रोलियम पदार्थ मात्र आयात भएको छ।

कुल आयातमा पेट्रोलियमको हिस्सा १७ प्रतिशत् रहेको विभागले जनाएको छ। कच्चा भटमासको तेल आयात गरी प्रशोधन गरेर निर्यात गर्दा ठूलो मात्रामा मूल्य अभिवृद्धि हुन नसकेको यस क्षेत्रका जानकारहरु बताउँछन्। हाल धेरै खाद्यतेल निर्यात न्यूनतम् प्रशोधनमा नै सीमित रहेको र धेरैजसो अवस्थामा आयात गरिएको तरल तेललाई पुनः प्याकेजिङ गरेर मात्र निर्यात गरिएको समेत बताइन्छ। भन्सार विभागले १ लाख भन्दा कम व्यापार गर्ने देशलाई एउटैमा राख्दै आएको छ। यसरी हेर्दा १ सय ५७ देशसँग अन्तर्राष्ट्रिय व्यापारको तथ्यांक विभागले सार्वजनिक गर्दै आएको छ। विश्वभरका ३५ देशसँग नाफा र १ सय २० देशसँग घाटाको व्यापार गर्दै आएको छ। डेनमार्कसँग नेपालले नाफाको व्यापार गर्दै आएको छ। चालु आर्थिक वर्षको आठ महिनामा ११ करोड ९५ लाखको वस्तु आयात गर्दा नेपालले ६० करोडको निर्यात गरेको छ।

रोमानियाबाट ३ करोड वस्तु आयात गर्दा नेपालले ८ करोडको निर्यात गरेको छ। यसरी नर्वे, आइसल्यान्ड, इराक, केन्या, साइप्रस, मोरिसस, फिजी, उरुग्वेलगायत देशहरुसँग नाफाको व्यापार गरिरहेको छ। नेपालले छिमेकी देशसँग घाटाको व्यापार गर्दै आएको छ। सबभन्दा बढी भारत र चीनसँग घाटाको व्यापार रहेको अवस्था छ। चालु आर्थिक वर्षको आठ महिनामा भारतबाट ७ खर्ब २४ अर्ब ६ करोड १२ लाखको वस्तु आयात गरेको छ। सोही अवधिमा १ खर्ब ५६ अर्ब ६६ करोड ४४ लाखको वस्तु निर्यात गरेको भन्सार विभागले जनाएको छ। भारतमा कच्चा भटमासको तेल, अलैंची, सूर्यमुखी तेल, ब्लिच नगरिएका जुट, पाम तेल, धागोलगायत सामग्री निर्यात गरिएको छ। भारतबाट डिजेल, पेट्रोल, एलपी ग्याास, हवाईइन्धन, कोइला, धानलगायत आयात भएको छ।

चीनबाट २ खर्ब ६५ करोड ६६ लाखको वस्तु आयात गर्दा नेपालले ९८ करोड ३३ लाखको मात्र निर्यात गरेको छ। चीनबाट स्मार्टफोन, डाइमोनियम हाइड्रोजन, रासायनिक मल, स्टिल तथा फलामका सामान, स्याउ, विद्युतीय सवारी आयात भएको छ। नेपालले भने गलैंचा, भान्छाका सामग्री, फेल्ट र फर्निचरका सामग्री निर्यात गरेको तथ्यांक छ। आयात गरेका मुख्य वस्तु तथा सामग्री यस प्रकार छन्: डिजेल ८२ अर्ब १० करोड, कच्चा भटमासको तेल ८१ अर्ब १८ करोड, पेट्रोल ४३ अर्ब ८९ करोड, एलपी ग्यास ३७ अर्ब ३१ करोड, सुन २३ अर्ब ४९ करोड, फलाम तथा फलामजन्य उत्पादन ३६ अर्ब ८२ करोड, स्मार्टफोन २९ अर्ब ९३ करोड, फर्टिलाइजर ग्रेड २२ अर्ब २१ करोड छ।

नेपालले निर्यात गरेका वस्तुहरु यस प्रकार छन्: प्रशोधित भटमासको तेल ७५ अर्ब ७७ करोड, अलैंची ९ अर्ब ४९ करोड, गलैंचा ६ अर्ब ५३ करोड, सूर्यमुखी तेल र वीउ ६ अर्ब २० करोड, ब्लिच नगरिएको जुट ४ अर्ब ३२ करोड, अन्य फेल्ट ३ अर्ब ५७ करोड, अन्य धागो ३ अर्ब २१ करोड रहेको विभागको तथ्यांकमा छ। यसरी दिनानुदिन बढ्दो व्यापार घाटा जटिल आर्थिक समस्याका रुपमा देखापरिरहेको छ। हाल दाल, ठूलो अलैंची, जडीबुटी, ऊनको कपडा, नेपाली कागज, खयर, छाला, तयारी कपडा, गलैंचा, जीवित जनावर, चिया, चाँदीका गहना, छालाका तयारी सामान, पस्मिना, हस्तकलाको सामान आदि विविध वस्तुको निर्यात भइरहेका छन्। कुनै पनि देशले आफ्नो व्यापारलाई सुधार गर्ने हो भने वस्तुगत् विविधतामा ध्यान दिनुपर्छ। सीमित वस्तुको उत्पादन र बिक्री नगरी समयअनुसार नयाँ-नयाँ वस्तुको उत्पादन र व्यापार वितरण वृद्धि गर्नु जरुरी हुन्छ। व्यापार वृद्धि गर्दा उत्पादनमा पनि वृद्धि गर्न सकिन्छ भने रोजगारी तथा विदेशी मुद्रा आर्जनसमेत गर्न सकिन्छ।

वस्तुको उत्पादनमा पनि विशेष ध्यान दिनुपर्छ। गुणस्तरीय वस्तुको उत्पादन गर्ने, परम्परागत् सिपमा आधारित कलात्मक वस्तु उत्पादनमा जोड दिने, श्रमिकलाई तालिम र शिक्षाको व्यवस्था गर्ने, सीमा व्यवस्थापनमा सरकारले विशेष ध्यान दिने, विश्वबजारको मागलाई ध्यान दिइ वस्तुहरुको उत्पादन गर्नेजस्ता सवालमा गम्भीर बन्नुपर्छ। यसरी नै वस्तुगत् र क्षेत्रगत् व्यापार विविधीकरणमा जोड दिने, सरकारले सरल कर नीतिको अवलम्बन गर्ने, सहजरुपमा बजारीकरण गर्नका लागि ध्यान दिनेजस्ता कार्यमा उद्योग मन्त्रालयले विशेषरुपमा ध्यान दिइ कार्यसम्पादनको क्षेत्रमा प्रभावकारीरुपले लाग्नुपर्ने खाँचो छ। नेपालको आवश्यकता भनेको कृषिलाई मर्यादित र वैज्ञानिक तथा आधुनिकीकरण गरी आम युवावर्गलाई कृषि पेशामा आकर्षित गर्न सक्नुपर्छ, तर यस कार्य ज्यादै चुनौतीपूर्ण बन्दै गएको देखिन्छ।

सबभन्दा ज्यादा कृषिजन्य र इन्धन आयात गर्दा व्यापारघाटा वृद्धि भएको छ, यसलाई घटाउनका लागि पनि कृषिमा विशेष जोड दिनु जरुरी देखिन्छ। कृषि पेशा गर्नेको आफ्नो जमिन छैन, तर जो कृषिकार्य नै गर्दैन, ऊसँग जमिन ठूलो मात्रामा रहेको वास्तविकता पनि हामीले बिर्सनु हुँदैन। पछिल्लो समय सरकारले भूमि बैंकको अवधारणा पनि ल्याएको छ, तर यसको प्रभावकारी कार्यान्वयनमा यथाशीघ्र कार्यक्षेत्रमा उत्रनुपर्छ। यस कार्यक्रमअन्तर्गत् जमिन हुनेसँग सरकारले भूमि बैंकमार्फत् सरलरुपमा लिजमा लिएर कृषकलाई उत्पादनमा लगाउने कार्य गरिन्छ।

यो अत्यन्त उपयोगी र महत्वको कार्य हो, तर यसको कार्यान्वयन गर्न विलम्बर भावनामा पनि वृद्धि गर्ने देखिन्छ।

# अब नेपालमा विकेन्ड कल्चर

सन्देश संवाददाता

काठमाडौं/सरकारले सातामा दुई दिन (शनिबार र आइतबार) सरकारी कार्यालयलाई बिदा दिने निर्णय गरेसँगै नेपाली पर्यटन व्यवसायीमा उत्साह थपिएको छ। कोरोना महामारी र आर्थिक मन्दीका कारण सुस्ताएको पर्यटन क्षेत्रलाई यस निर्णयले टेवा पुग्ने अपेक्षा उनीहरुको छ।



नेपालमा हालसम्म शनिबार मात्र बिदा हुँदा आन्तरिक गन्तव्यमा जान समय अभाव हुने गरेको थियो। अब शुक्रबार कार्यालय समय सकिएलगत्तै निस्कन सकिने र शनिबार तथा आइतबार गन्तव्यमा बिताउन पाइने भएपछि विकेन्ड कल्चर (सप्ताहान्त संस्कृति) फस्टाउने व्यवसायीहरुको अनुमान छ। यसले प्रमुख पर्यटकीय क्षेत्रमा चाप बढाउने आशा व्यवसायीहरुले गरेका छन्। पर्यटन व्यवसायीहरूका अनुसार आन्तरिक पर्यटकले विदेशी पर्यटकको तुलनामा बढी खर्च गर्ने प्रवृत्ति छ। दुई दिने बिदाले पर्यटन उद्योगमा प्रत्यक्ष लाभ पुग्ने उनीहरुको भनाइ छ।

हाल पनि होटल तथा रिसोर्टमा शुक्रबार र शनिबार रात बिताउने पाहुनाको संख्या उच्च छ। त्यसमा आइतबार पनि बिदा थपिएपछि बसाइ अवधि लम्बिने छ। कार्यसम्पादन र कार्यव्यस्तताका कारण परिवारलाई समय दिन नसकेका कर्मचारी र पेशेवरहरुका लागि यस निर्णय राम्रो भएको उनीहरुको भनाइ छ।

दुई दिनको फुर्सद्ले मानिसहरुलाई प्रकृतिको नजिक पुग्न, पदयात्रा गर्न र धार्मिकस्थलहरुको भ्रमण गर्न प्रेरित गर्नेछ। यसले गर्दा समग्र अर्थतन्त्र चलायमान हुने, कार्यक्षमता वृद्धि र मानसिक स्फूर्तिमा समेत सहयोग पुग्नेछ। 'सरकारको यस निर्णयले नेपालीलाई घुम्नका लागि पर्याप्त समय दिएको छ। अब पर्यटन व्यवसायीले होलिडे प्याकेजमार्फत् आन्तरिक पर्यटकलाई आकर्षित गर्नुपर्छ,' पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले भने-नयाँ सरकारले हप्तामा दुई दिन बिदा दिने गरेको निर्णयले नेपालको आन्तरिक पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने देखिएको छ। पर्यटन समिति र व्यवसायीहरुले लामो समयदेखि उठाउँदै आएको दुई दिने बिदाको मागलाई विभिन्न बहानामा सम्बोधन गरेको छ। सरकारले यस व्यवस्थालाई निरन्तर लागु गर्नुपर्छ।

पर्यटन व्यवसायी शेर्पाका अनुसार यस निर्णयले आन्तरिक पर्यटकहरुको लेन्थ अफ स्टे (बसाइ अवधि) बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ। यसअघि पर्यटक शुक्रबार गएर शनिबार फर्कन्थे र आइतबार कार्यालय जानुपर्ने बाध्यता थियो, अब एक दिन बढेको छ। यसले आन्तरिक पर्यटनको विकासमा राम्रो टेवा पुग्ने शेर्पाको भनाइ छ। विश्वका अधिकांश देशमा हप्ताको दुई दिन बिदा दिने प्रचलन रहेको उल्लेख गर्दै शेर्पाले यस निर्णयले कर्मचारीमा ताजापन ल्याउने र उनीहरुको उत्पादकत्वसमेत बढ्ने विश्वास व्यक्त गरे। 'पाँच दिन दत्तचित्त भएर काम गर्ने र दुई दिन घुमफिर वा आराम गर्दा कर्मचारीहरुको कार्यक्षमतामा सुधार आउँछ,' उनले भने-नेपालमा यसअघि पनि शनिबार र आइतबार दुई दिन बिदा दिने प्रयास भए पनि त्यसलाई निरन्तरता दिइएको थिएन।

सातामा दुई दिन बिदा दिने निर्णय केवल प्रशासनिक सुधारमात्र नभइ यो आन्तरिक पर्यटन प्रवर्द्धनको एक बलियो आधार हो। यदि यसलाई उचित व्यवस्थापन र आकर्षक पर्यटकीय प्याकेजसँग जोड्न सकियो भने नेपालको अर्थतन्त्रमा आन्तरिक पर्यटनको हिस्सा उल्लेख्यरुपमा बढ्ने पर्यटन व्यवसायी विजय अमात्यले बताए।

सरकारले लागु गरेको दुई दिने बिदासम्बन्धि व्यवस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको उनको भनाइ छ। उनले भने-यस व्यवस्था दीर्घकालीनरुपमा लागु भए नागरिकको स्वास्थ्य सुधारसँगै पर्यटन क्षेत्रको आम्दानी वृद्धि हुने सम्भावना छ। उनका अनुसार शुक्रबार साँझदेखि आइतबारसम्मको समय सदुपयोग गर्दै छोटो दुरी (२००-३०० किलोमिटर) का गन्तव्यमा घुम्न सहज हुने भएकाले पर्यटकको बसाइ अवधि बढ्ने र व्यावसायिक आम्दानीमा समेत विस्तार आउने विश्वास छ।

दुई दिने बिदा दीगो बनाए अर्थतन्त्रमा दीर्घकालीन फाइदा पुग्ने पोखराका पर्यटन व्यवसायी नरेश भट्टराईले बताए। उनले भने-सरकारले लागु गरेको हप्तामा दुई दिन सार्वजनिक बिदाको नीतिलाई दीगोरुपमा कार्यान्वयन गर्नुपर्छ। दुई दिने बिदाले घुमघामका लागि पर्याप्त समय उपलब्ध गराउने भएकाले बजारमा आर्थिक गतिविधि बढ्ने र यसले समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्नेछ।

भट्टराईका अनुसार रात्रिकालीन उडानको विस्तार र लामो दिनको समयले पनि पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ। यद्यपि, यस नीति बीचमै परिवर्तन नगरी स्थायीरुपमा अघि बढाउनुपर्नेमा उनले जोड दिएका छन्।

क्षेत्रीय होटल संघ धनकुटा अध्यक्ष खगेन्द्रकुमार बिष्टले हप्तामा दुई दिन बिदा दिने सरकारी निर्णयले धनकुटाको आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पार्ने बताएका छन्। उनका अनुसार यस व्यवस्थाले आन्तरिक पर्यटकको आगमन बढाइ स्थानीय अर्थतन्त्र चलायमान बनाउनेछ। बिष्टले विशेषगरि तराईका गर्मी क्षेत्रबाट चिसो खोज्दै धनकुटा जाने पर्यटकहरुको संख्या वृद्धि हुने विश्वास व्यक्त गरे।

उनले दुई दिने बिदाले घुमघामका लागि पर्याप्त समय उपलब्ध गराउने भएकाले होटल तथा पर्यटन व्यवसायमा चहलपहल बढ्न सक्नेमा आशावादी रहेको बताए। उनले यस नीतिलाई दीर्घकालीनरुपमा निरन्तरता दिनुपर्नेमा जोड दिँदै यसले पर्यटन क्षेत्रसँगै समग्र आर्थिक गतिविधिमा सकारात्मक योगदान पुऱ्याउन सक्नेछ र पारिवारिक सम्बन्ध पनि स्थायी हुन सक्नेछ।

# विद्यार्थी भर्ना : कुन-कुन शीर्षकमा लिन पाइन्छ शुल्क ?

हेटौंडा/'शैक्षिक सत्र २०८३ सुरु भएको छैन तर विद्यालयबाट छोराको वार्षिक शुल्कको बिल आइसक्यो। अहिले नै पैसा तिर्नु पर्ने हो र ?,' हेटौंडाको निजी विद्यालयमा छोरा-छोरी पढाइरहेका एक अभिभावकले गुनासो गरे।

त्यसो त यो समस्या एक जनाको मात्र होइन, धेरैजसो अभिभावकका घरमा विद्यालयबाट वार्षिक शुल्कको बिल पुगेको छ। यसलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गैरकानुनी रूपमा संकलन गरिएको शुल्क भनेको छ।

सरकारले २०८३ को शैक्षिक सत्र आगामी वैशाख १५ बाट सुरु गर्ने निर्णय गरेको छ। तर, शैक्षिक सत्र अगावै विद्यार्थी भर्ना र अभिभावकको हातमा बिल पुगेपछि मन्त्रालयले कारबाहीको चेतावनी दिएको छ।

'शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेका सप्रमाण तथ्यहरू बाहिरिएका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानकर्षण भएको छ,' शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जारी विज्ञप्तिमा भनिएको छ, 'विद्यालय सञ्चालन जस्तो गरिमामय र जिम्मेवार प्रणालीमा यस्ता गैर कानुनी कार्यहरू अशोभनीय हुने मात्र नभई दण्डनीयसमेत हुनेतर्फ विद्यालयहरू स्वयं सजग हुनुपर्ने मानिन्छ।'

सर्वोच्च अदालतको आदेशविपरीत शुल्क नलिन पनि मन्त्रालयले भनेको छ। सर्वोच्च अदालतले नयाँ शैक्षिक सत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गर्न गराउन आदेश दिएको थियो। 'अभिभावकहरूबाट कानुनविपरीतढंगले असुल गरिएको भर्ना शुल्क सम्बन्धितलाई फिर्ता गराउने कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरिन्छ,' मन्त्रालयले भन्यो।

Goverment of Bagamati Province
Ministry of Culture and Tourism
**Tourism Development Project**
Makwanpur, Nepal

## Invitation for Sealed Quotation

Date of Publication:2082/12/26

1. Goverment of Bagmati Province, Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal invites sealed quotation from eligible bidders for the following projects.
2. Eligible Bidders may obtain further information at Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur,Nepal and a complete set of Bidding Documents is available on office address.
3. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account:
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd.
   **Name of Office:** Tourism Development Project, Hetauda, Bagmati Province
   **Office Code no.:** 3250032143
   **Office Account no.:** 1000200010000
   **Rajaswa (revenue) Shimshak no.:** 14229
   Cash Deposit Account for Bid Security:
   **Account Name:** Province Treasury Controller Office
   **Bank Name:** Rastriya Banijya Bank Ltd.
   **Bank Address:** Hetauda, Makwanpur Account Number: 1300100202030000
4. The name and identification of the contracts is as follows:

| S.NO | Contract No. | Name of Contract | Estimated Amount | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | TDP/W/SQ/DH/ 082/83-1 | Construction of Saraswati park at Thakre -9, Dhading | NRs. 15,66,692.38/- (Exclusive of Vat & Contingencies) | NRs. 40,000/- | NRs. 1,000 |

Project Chief

!! हार्दिक बधाई !!


बेदबहादुर श्रेष्ठ


कृष्णकुमार गुप्ता



उत्तमशर्मा ढकाल


विष्णु खनाल

मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान **अध्यक्ष कृष्णकुमार गुप्ता**ज्यू, पूर्वअध्यक्ष **उत्तमशर्मा ढकाल**ज्यू र पूर्वउपाध्यक्ष **विष्णु खनाल**ज्यू नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भर्खरै सम्पन्न नवौं वार्षिक साधारण सभा तथा अधिवेशनबाट **बेदबहादुर श्रेष्ठ**ज्यूको अध्यक्षतामा नवनिर्वाचित कार्यसमितिको क्रमशः उपाध्यक्ष, एशोसिएट सदस्य र जिल्लानगर उवासंघको तर्फबाट बागमती प्रदेश सदस्य निर्वाचित हुनुभएकोमा

**प्रमोदसिंह रानाभाट** (अध्यक्ष) **एवम्**
**मकवानपुर उद्योग बाणिज्य संघ, परिवार**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक विस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।

**सम्पर्क :**
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर :** ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने